# वार्षिक प्रतिवेदन

आ.व.२०७६/२०७७ (२०१९/२०२०)

## मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल)





# वार्षिक प्रतिवेदन

आ.व.२०७६/२०७७ (२०१९/२०२०)

मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल)

# सञ्चालक समितिका अध्यक्षको मन्तव्य



नेपालमा विद्युत् प्रसारण लाइन विस्तारमार्फत विद्युत् आपूर्तिमा उल्लेख्य सुधार गर्नुका साथै नयाँ प्रविधिको प्रयोगबाट सडक मर्मत सम्भारसम्बन्धी अभ्यासमा नयाँ आयाम सिर्जना गर्ने तथा विद्युतीय व्यापारको प्रवर्द्धन र यातायात खर्चमा कटौती गरी देशको आर्थिक स्थितिमा सुधार गर्ने दिशातर्फ अग्रसर एमसीसी नेपाल कम्प्याक्ट कार्यक्रम नेपालको आर्थिक विकासका लागि महत्वपूर्ण कार्यक्रम हो । उपलब्ध स्रोतसाधनको अधिकतम, दिगो तथा प्रभावकारी परिचालन गरी सन्तुलित विकासको परिकल्पनालाई यथार्थमा रूपान्तरण गर्नु यस कार्यक्रमको उद्देश्य रहेको छ। नेपाल सरकारले यस कार्यक्रम अन्तर्गतको विद्युत् प्रसारण आयोजनालाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा घोषणा गरी कार्यान्वयनका लागि पूर्व तयारी गरिरहेको छ।

संयुक्त राज्य अमेरिकाको दातृ निकाय मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) मार्फत उपलब्ध अनुदान सहयोगबाट एमसीसी नेपाल कम्प्याक्ट कार्यान्वयन हुन लागेको छ। एमसीसीबाट प्राप्त ५० करोड अमेरिकी डलरको अनुदान सहायता तथा नेपाल सरकारको १३ करोड अमेरिकी डलर बराबरको लगानी गरी कुल ६३ करोड अमेरिकी डलरमा सञ्चालन गर्न लागिएको यस कार्यक्रम नेपालको विकास प्रयासमा एउटा नयाँ अभ्यासको सुरुवात हो। नेपालको आफ्नै प्रयासबाट प्रतिस्पर्धाका आधारमा प्राप्त यो अनुदान रकम नेपाल आफैले पहिचान गरेको क्षेत्रमा आफ्नै व्यवस्थापनमा परिचालन हुँदैछ। एमसीसी सहयोग अन्तर्गतका आयोजनाहरू पाँच वर्षको निश्चित अवधिमा सम्पन्न हुनुपर्दछ। विद्युत् प्रसारण लाइन निर्माणका दृष्टिकोणबाट यो लगानी देशको महत्वपूर्ण खण्डको प्रसारण लाइन निर्माणमा केन्द्रित हुनेछ भने सडक मर्मत सम्भारका लागि प्रयोग गर्न लागिएको प्रविधि नेपालमै पहिलोपटक अपनाउन लागिएको नयां प्रविधिको रुपमा स्थापित हुनेछ। विकास आयोजना व्यवस्थापन तथा कार्यान्वयनका सन्दर्भमा अन्तरराष्ट्रिय मापदण्डको प्रयोग हुने यस कार्यक्रमको सफलताले नेपालको उच्च कार्यक्षमतालाई प्रमाणित गर्ने हुँदा आयोजनाको सफल कार्यान्वयन नेपालका लागि महत्वपूर्ण रहेको छ।

आयोजनाले नेपालमा विद्यमान विद्युत् प्रसारण लाइन निर्माणको आवश्यकतालाई सम्बोधन गर्नुका साथै उत्पादित विद्युत् उपभोक्तासम्म पुऱ्याउन सहज वातावरण सिर्जना गरी ऊर्जा उत्पादनमा संलग्न निजी क्षेत्रलाई प्रोत्साहित गर्ने निश्चित छ। आयोजनाले आन्तरिक विद्युत् उपभोगमा वृद्धि गर्ने वातावरण तयार गर्नुका साथै निर्माण गरिने विद्युत् पूर्वाधारले ऊर्जा व्यापारका लागि सकारात्मक वातावरण सिर्जना गर्नेछ। यसैगरी, सडकको मर्मतसम्भार अत्याधुनिक प्रविधिबाट गरिएपछि यातायात तथा ढुवानी लागत न्यूनीकरण गर्न मद्दत पुग्नेछ।

सन् २०१७ मा सम्झौतामा हस्ताक्षर भएपछि आयोजना अन्तर्गतका कार्यक्रमहरु हाल तयारी चरणमा रहेका छन्। कार्यक्रम कार्यान्वयन थालनी बिन्दुमा प्रवेश गर्नुपूर्व पूरा गर्नुपर्ने छ वटा पूर्वशर्तमध्ये अधिकांश पूरा भइसकेका छन् भने संसदीय अनुमोदन तथा कार्यस्थलमा पहुँचसम्बन्धी पूर्व शर्त पूरा हुने प्रक्रियामा छन्। यस कार्यक्रमको व्यवस्थापन तथा कार्यान्वयनका लागि नेपाल सरकारबाट गठित मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) मार्फत आयोजनाका लागि आवश्यक जग्गा प्राप्ति तथा कार्यस्थलमा पहुँचको तयारी चरणका कार्यहरू सम्पादन भइरहेका छन्। कार्यक्रमबाट जैविक, सामाजिक तथा भौतिक वातावरणमा पर्न सक्ने प्रभावलाई न्यूनीकरण गर्नका लागि स्थानीय जनसमुदायसँग गरिएका परामर्शका आधारमा ती जनसमुदायका लागि प्रतिकूल अवस्था सिर्जना नहुने गरी विभिन्न वैकल्पिक व्यवस्था अङ्गीकार गर्ने नीति अख्तियार गरिएको छ।

आयोजना अन्तर्गत सम्पन्न हुने कार्यवाट नेपालको विकास प्रकृयामा महत्वपूर्ण योगदान पुग्ने सन्दर्भमा आयोजनाका निर्धारित लक्ष्य प्राप्तिका लागि आ-आफ्ना क्षेत्रबाट अमूल्य योगदान गर्ने एमसीसी, नेपाल सरकारका सम्पूर्ण निकाय, नागरिक समाज तथा निजी क्षेत्र र एमसिए-नेपाल सञ्चालक समितिका सदस्यहरूप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि निरन्तर सहयोगको अपेक्षा गर्दछौं। साथै, नेपालको विकासका लागि महत्वपूर्ण यस कार्यक्रमको सफल कार्यान्वयनका लागि शुभकामना व्यक्त गर्न चाहन्छु।

धन्यवाद।

**शिशिर कुमार ढुङ्गाना**
सचिव
अर्थ मन्त्रालय
नेपाल सरकार

# कार्यकारी निर्देशकको सन्देश



मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) को आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ। २०७६ साल साउन १ देखि २०७७ साल असार मसान्तसम्मको अवधिलाई समेट्ने यो प्रतिवेदन नेपाल सरकारसमक्ष प्रस्तुत गरिएका समग्र वित्तीय प्रतिवेदन, एमसिए-नेपालको सञ्चालक समितिसमक्ष प्रस्तुत गरिएका आयोजनाहरूसम्बन्धी अद्यावधिक जानकारी तथा यस अवधिको अन्त्यसम्मको विद्यमान संस्थागत अवस्था समेट्ने गरी तयार गरिएको छ।

एमसिए-नेपाल आफ्ना आयोजनाहरूको कार्यान्वयनका लागि आवश्यक पूर्वतयारीका कामहरूलाई अन्तिम अवस्थामा पुऱ्याउने क्रममा छ। हाम्रा आयोजनाहरूको उद्देश्य विद्युत्को उपलब्धता र विश्वसनीयता बढाउनु, सडकको गुणस्तर कायम राख्नु र नेपाल तथा यस क्षेत्रबीच ऊर्जा व्यापारमा सहजीकरण गरेर लगानीको वातावरण बनाउनु तथा आर्थिक विकासलाई गतिशील बनाउनु हो। अघिल्लो आर्थिक वर्षमा पूर्वतयारीका चरणमा महत्वपूर्ण उपलब्धि हासिल भएका छन्। नेपाल सरकार र मिलेनियम च्यालेञ्ज कर्पोरेशनका तर्फबाट अमेरिकी सरकारका प्रतिनिधिबीच कम्प्याक्टका पूर्व शर्तहरूमध्यको एक शर्त आयोजना कार्यान्वयन सम्झौतामा हस्ताक्षर भएको छ। कम्प्याक्टका पूर्वशर्तहरूको एक अभिन्न अङ्गका रूपमा रहेको नयाँ बुटवलदेखि गोरखपुरसम्मको भारतको भूमिमा बन्ने अन्तरसीमा प्रसारण लाइन निर्माणका लागि नेपाल सरकार र भारत सरकार वित्तीय तथा स्वामित्वको प्रारूपमा सहमत भएका छन्। नुवाकोटमा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा क्षतिपूर्ति निर्धारण समिति गठन भएको छ। सम्भावित संरचना निर्माण र संस्थाका लागि आवश्यक सेवाबारे जानकारी गराउन तथा संरचना निर्माण आयोजनाका लागि विश्वव्यापी प्रतिस्पर्धामा उत्तम निर्माण कम्पनीहरू सहभागी हुने सुनिश्चित गर्नका लागि तीनवटा कार्यक्रम भए। आयोजना क्षेत्रमा वातावरणीय प्रभाव मूल्याङ्कनका क्रममा अनिवार्य रूपमा गर्नुपर्ने सार्वजनिक सुनुवाइका कार्यक्रम विद्युत् प्रसारण आयोजनाबाट प्रभावित हुने १० जिल्लाका ३० पालिकामा सञ्चालन गरिएका छन् र ती पालिकाबाट आयोजना अगाडि बढाउन सिफारिस समेत प्राप्त भइसकेको छ। स्थानीय सरोकारवालाहरूसँगको छलफल पनि ३० वटै पालिकामा सम्पन्न भइसकेका छन् र जिल्ला तहका सरोकारवालाहरूसँगको छलफल नुवाकोट, सिन्धुपाल्चोक र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)मा सम्पन्न भए। यी महत्वपूर्ण लक्ष्य प्राप्तिका लागि नेपाल सरकार र एमसीसीबाट प्राप्त भएको पूर्ण सहयोगप्रति एमसिए-नेपाल आभार व्यक्त गर्दछ।

नेपाल कम्प्याक्टले आयोजना कार्यान्वयनको थालनी गर्नु अघि छ वटा आधारभूत पूर्वशर्त हासिल गर्नुपर्दछ। एमसीसीको कार्यान्वयन विधिमा आयोजनाको पूर्वतयारीका लागि पर्याप्त समय छुट्याइएको हुन्छ। कार्यान्वयन क्रियाकलापहरू शुरु गर्नु अघि नै आवश्यक सबै शर्त पूरा गर्दा आयोजनाको सफलता सुनिश्चित हुन्छ। आयोजना कार्यान्वयनमा प्रवेश गरिसकेपछि तोकिएको बजेटको सीमामा रहेर पाँच वर्षभित्र सबै काम सम्पन्न गर्नुपर्ने हुन्छ किनकी यसमा आयोजना अवधि बढाउने कुनै सम्भावना छैन। आयोजना कार्यान्वयनका लागि छुट्याइएको बजेट समयमा नै नेपालले प्राप्त गर्न पूरा गर्नुपर्ने संसदीय अनुमोदन र कार्य क्षेत्रमा पहुँचसम्बन्धी दुई महत्वपूर्ण शर्तका साथै अन्तरसीमा योजनालाई अन्तिम रूप दिन बाँकी छ। कम्प्याक्ट आयोजना कार्यान्वयनमा प्रवेश गर्ने दिनका रूपमा वि.सं. २०७७ असार १६ लाई निर्धारण गरिएको थियो। यद्यपि कम्प्याक्टको संसदीय अनुमोदनमा भएको ढिलाइ र कोभिड-१९ जस्तो विश्वव्यापी महामारीका कारण पूर्वतयारीका चरणमा प्राप्त गर्नुपर्ने सफलतामा अत्यधिक प्रभाव पर्न गएकाले उक्त लक्ष्य हासिल गर्न भने सकिएन। यस परिस्थितिमा पनि नेपालको आफ्नै वैधानिक प्रक्रिया अपनाएर अर्थ मन्त्रालय अन्तर्गत विकास समितिका रूपमा गठन गरिएको एमसिए-नेपाल कम्प्याक्ट अन्तर्गतका पूर्वाधार आयोजना सम्पन्न गर्न प्रतिवद्ध छ।

गत आर्थिक वर्षमा प्राप्त निर्देशन र सहयोगका लागि अर्थ मन्त्रालय र नेपाल सरकारप्रति म कृतज्ञता व्यक्त गर्न चाहन्छु। एमसिए-नेपाल सञ्चालक समितिको अध्यक्षका हैसियतमा अर्थ सचिवबाट प्राप्त नेतृत्व र महत्वपूर्ण निर्देशनप्रति आभारी छु। कम्प्याक्ट कार्यान्वयनका सन्दर्भमा आफ्ना अमूल्य सुझाव र दृष्टिकोण उपलब्ध गराउनु भएकोमा सञ्चालक समितिका सदस्यहरूप्रति पनि धन्यवाद व्यक्त गर्न चाहन्छु। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय एवं विद्युत् विकास विभाग, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय एवं सडक विभाग, सडक बोर्ड नेपाल, भूमि व्यवस्थापन, सहकारी तथा गरिबी निवारण मन्त्रालय एवं वन तथा वातावरण मन्त्रालयसँगको निरन्तर सहकार्यबाट प्राप्त सहयोगबाट एमसिए-नेपालका गत वर्षका उपलब्धि हासिल गर्न हौसला प्राप्त भएको छ। हामी आगामी वर्षहरूमा पनि यस्तो सहकार्यले निरन्तरता पाउने आशा गर्दछौँ।

अन्त्यमा, गत वर्ष हासिल उपलब्धिहरूका लागि योगदान तथा पहल गर्नुहुने एमसिए-नेपाल टोली, एमसीसी टोली, विशेषज्ञहरू, सल्लाहकारहरू, प्राविधिक साझेदारहरू तथा परामर्शदाताहरूप्रति आभार व्यक्त गर्न चाहन्छु।

खड्ग बहादुर विष्ट
कार्यकारी निर्देशक
एमसिए-नेपाल




विसं २०७६ असोज २८ गते भारतको बेङ्गलुरुमा सम्पन्न सातौँ नेपाल-भारत संयुक्त निर्देशक समितिको बैठकमा नेपाल तथा भारतका अधिकारीहरू। उक्त बैठकका क्रममा नेपाल सरकार तथा भारत सरकार नयाँ बुटवल-गोरखपुर अन्तरदेशीय प्रसारण लाइन निर्माण कार्य सञ्चालनसम्बन्धी वित्तीय व्यवस्था तथा स्वामित्व संरचनामा सहमत भएका थिए। तस्बिर सौजन्य : भारतीय दूतावास/ट्विटर




नेपाल सरकारको तर्फबाट अर्थ मन्त्रालय र अमेरिकी सरकारको तर्फबाट एमसीसीबीच आयोजना कार्यान्वयन सम्झौतामा विसं २०७६ असोज २ गते हस्ताक्षर भयो। अर्थ मन्त्रालयमा आयोजित एक कार्यक्रमबीच एमसीसीका आवासीय राष्ट्रिय निर्देशक ट्रोय कोफ्रोथद्वारा प्रस्तुत एमसीसीका कम्प्याक्ट सञ्चालन विभागका उपाध्यक्ष श्री एन्थोनी वेल्चरद्वारा हस्ताक्षरित उक्त सम्झौतामा नेपालको तर्फबाट अर्थ मन्त्री माननीय डा. युवराज खतिवडाले हस्ताक्षर गर्नुभएको थियो। उक्त कार्यक्रममा अर्थ सचिव डा. राजन खनाल, सह-सचिव तथा अन्तरराष्ट्रिय आर्थिक सहयोग समन्वय महाशाखा प्रमुख श्री श्रीकृष्ण नेपाल, एमसिए-नेपालका कार्यकारी निर्देशक श्री खड्ग बहादुर विष्ट तथा एमसीसी तथा एमसिए-नेपालका अन्य पदाधिकारीहरूको समुपस्थिति रहेको थियो।

# विषय सूची


| | | |
|---|---|---|
| **खण्ड १** | **एमसिए-नेपाल विकास समितिको प्रारुप** | ८ |
| १.१ | संस्थागत परिचय | ८ |
| १.२ | सञ्चालक समिति | ८ |
| १.३ | सञ्चालक समिति बैठकका झलक | ८ |
| १.४ | साङ्गठनिक संरचना | ९ |
| **खण्ड २** | **आयोजनाहरु** | १० |
| २.१ | विद्युत् प्रसारण आयोजना | १० |
| २.१.१ | प्रसारण लाइनसम्बन्धी क्रियाकलाप | १० |
| २.१.२ | सब-स्टेसन क्रियाकलाप | ११ |
| २.१.३ | ऊर्जा क्षेत्र प्राविधिक सहायतासम्बन्धी क्रियाकलाप | १२ |
| २.१.४ | एमसिए-नेपाल साझेदारी कार्यक्रमका उप-क्रियाकलापहरू | १३ |
| २.२ | सडक मर्मत आयोजना | १३ |
| २.२.१ | प्राविधिक सहायता क्रियाकलाप | १३ |
| २.२.२ | रणनैतिक सडक मर्मत कार्यसम्बन्धी क्रियाकलाप | १३ |
| **खण्ड ३ वातावरण र सामाजिक सुरक्षा** | | १५ |
| ३.१ | वातावरणीय प्रभाव मुल्याङ्कन | १५ |
| ३.२ | वातावरणीय तथा सामाजिक प्रभाव मूल्याङ्कन | १६ |
| ३.३ | सामाजिक सुरक्षा तथा पुनर्स्थापना | १८ |
| ३.३.१ | सामाजिक सुरक्षा | १८ |
| ३.३.२ | पुनर्स्थापना | १८ |
| **खण्ड ४ लैङ्गिक तथा सामाजिक समावेशीकरण** | | १९ |
| **खण्ड ५ गुनासो सुनुवाइ संयन्त्र** | | २१ |
| ५.१ | संयन्त्र | २२ |
| ५.२ | गुनासो दर्ता | २२ |
| **खण्ड ६ जालसाजी र भ्रष्टाचार** | | २३ |
| **खण्ड ७ जोखिम तथा चुनौती** | | २५ |
| **खण्ड ८ क्षमता अभिवृद्धि** | | २७ |
| **खण्ड ९ वित्तीय विवरण** | | २८ |

# खण्ड १
## एमसिए-नेपाल विकास समितिको प्रारूप

### १.१ संस्थागत परिचय

मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल (एमसिए-नेपाल) अमेरिकी सरकारको मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) कम्प्याक्ट कोषबाट प्राप्त अनुदान तथा नेपाल सरकारको लगानीबाट बनेको ६३ करोड अमेरिकी डलरको कार्यक्रमको व्यवस्थापनका लागि विकास समिति ऐन, २०१३ अन्तर्गत स्थापना गरिएको नेपाल सरकारको एक निकाय हो। यो कोषमा अमेरिकी सरकारको ५० करोड र नेपाल सरकारको १३ करोड अमेरिकी डलर बराबरको लगानी रहनेछ। कम्प्याक्टको उद्देश्य लगानीको वातावरण बनाउन तथा आर्थिक वृद्धिलाई चलायमान बनाउन विद्युत्को उपलब्धता र विश्वसनीयतामा वृद्धि गर्नु, सडकको गुणस्तर कायम राख्नु तथा नेपाल र यस क्षेत्रको ऊर्जा व्यापारमा सहजीकरण गर्दै लगानीको वातावरण बनाउनु र आर्थिक विकासलाई गतिशील बनाउनु हो। कम्प्याक्ट अन्तर्गत राष्ट्रिय गौरवको विद्युत् प्रसारण आयोजना (ईटीपी) र सडक मर्मत सम्भार आयोजना (आरएमपी) गरी दुई वटा आयोजना कार्यान्वयन गरिनेछ।

### १.२ सञ्चालक समिति

एमसिए-नेपाल सञ्चालक समिति कार्यकारी निकाय हो। यो समितिमा आर्थिक वर्ष २०७६/७७ को अन्त्यसम्ममा देहायका सदस्यहरू रहनुभएको छ :

१. श्री शिशिर कुमार ढुङ्गाना, अध्यक्ष/सचिव, अर्थ मन्त्रालय
   (द्रष्टव्यः अर्थ मन्त्रालयका तत्कालीन सचिव डा. राजन खनाल २०७६ साल माघ २३ सम्म सञ्चालक समितिको अध्यक्ष हुनुहुन्थ्यो।)
२. श्री गोपालप्रसाद सिग्देल, सदस्य/सह-सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
३. श्री मधुप्रसाद भेटवाल, सदस्य/सह-सचिव, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
४. श्री कुलमान घिसिङ, सदस्य/कार्यकारी निर्देशक, नेपाल विद्युत् प्राधिकरण
५. श्री कुमार पाण्डे, सदस्य (प्रतिनिधि, निजी क्षेत्र)/कार्यकारी अध्यक्ष, नेशनल हाइड्रोपावर कम्पनी
६. श्री गोपाल खनाल, सदस्य (प्रतिनिधि, नागरिक समाज)/सम्पादन सल्लाहकार, गोरखापत्र संस्थान
७. श्री खड्गबहादुर विष्ट, सदस्य-सचिव/कार्यकारी निर्देशक, एमसिए-नेपाल


### १.३ सञ्चालक समिति बैठकका झलक

आर्थिक वर्ष २०७६/०७७ (२०७६ साल साउन १ देखि २०७७ साल असार ३१ सम्म) मा सञ्चालक समितिका पाँच वटा बैठक आयोजना गरियो। ती बैठकका कार्यसूची तथा निर्णयहरू तल दिइएको तालिकामा प्रस्तुत गरिएको छ :

| सञ्चालक समितिको बैठक सङ्ख्या | मिति | प्रमुख कार्यसूची | बैठकको निर्णय |
|---|---|---|---|
| तेह्रौं बैठक | २०७६ भाद्र १६ | १. एमसिए-नेपाल सञ्चालक सदस्यमा नागरिक प्रतिनिधिका तर्फबाट गरिएको छनोटको स्वीकृति।<br>२. एमसिए-नेपालको वार्षिक बजेटको स्वीकृति।<br>३. खरिद योजनामा गरिएको संशोधनको स्वीकृति।<br>४. पुनर्वास नीतिको प्रारूप तथा अधिकारसम्बन्धी सूची (Entitlement Matrix) को स्वीकृति।<br>५. भविष्यका लागि तलब भुक्तानी संरचनामा गरिएको संशोधनको स्वीकृति। | सबै प्रस्ताव पारित गरिए र देहायका मुख्य विषयमा निर्णय लिइयो :<br>१. सञ्चालक सदस्यमा नागरिक प्रतिनिधिका तर्फबाट श्री गोपाल खनाल नियुक्त।<br>२. पुनर्वास कार्ययोजनाका लागि आधार तयार पार्ने पुनर्वास नीतिको प्रारूप तथा अधिकारसम्बन्धी सूची (Entitlement Matrix) स्वीकृत। यो पुनर्वास नीतिको प्रारूप तथा अधिकारसम्बन्धी सूची (Entitlement Matrix) अन्तरराष्ट्रिय वित्त संस्थान (IFC) को कार्यसम्पादन मापदण्ड र त्यसलाई समावेश गरिएको एमसीसी मार्ग निर्देशिकाका साथै नेपाल सरकारको नीति नियममा आधारित छ। |
| चौधौं बैठक | २०७६ कात्तिक २४ | १. बजेटको रकमान्तर तथा परामर्शदाताहरूको भुक्तानीको स्वीकृति।<br>२. एमसिए-नेपालको कार्यक्रम प्रशासन उप-क्रियाकलापबाट खरिद, वित्तीय र लेखापरीक्षण उप-क्रियाकलाप (कम्प्याक्ट क्रियाकलापसम्बन्धी उप-शीर्षक अन्तर्गत रहेका) का लागि बजेट रकमान्तरण र खरिद एजेण्टका सेवामा संशोधनका लागि अख्तियारी दिने विषयको स्वीकृति।<br>३. वन तथा वातावरण मन्त्रालयसँगको आयोजना सहायता सम्झौताको स्वीकृति।<br>४. खरिद योजनामा गरिएको संशोधनसम्बन्धी स्वीकृति। | सबै प्रस्ताव पारित गरिए र देहायका मुख्य विषयमा निर्णय लिइयो :<br>१. समितिले वन तथा वातावरण मन्त्रालयसँग हस्ताक्षर गरिने आयोजना सहायता सम्झौता अनुमोदन गऱ्यो। यस सम्झौता अन्तर्गत एमसिए-नेपाल र वन तथा वातावरण मन्त्रालयबीच निश्चित दायित्व र जिम्मेवारीमा साझेदारी गरिएको छ। उक्त मन्त्रालयका सेवा प्रभावकारी बनाउन निश्चित सहयोग उपलब्ध गराउन यसले एमसिए-नेपाललाई मद्दत गर्नेछ। |

| | | | |
|---|---|---|---|
| पन्ध्रौं बैठक | २०७६ माघ २७ | १. खरिद योजनाको चौथो संस्करणको स्वीकृति ।<br>२. सडक विभागसँगको आयोजना सहायता सम्झौताको स्वीकृति ।<br>३. अर्थ मन्त्रालयको निर्देशनभित्र रही मन्त्रालयबाट विनियोजन भइसकेका पुँजीगत तथा चालू खर्च बजेट शीर्षक अन्तर्गतको बजेट खर्च गर्नका लागि स्वीकृति ।<br>४. एमसिए-नेपाललाई लेखापरीक्षण सेवा प्राप्त गर्न सक्षम बनाउन एमसिए-नेपालको कार्यक्रम प्रशासनसम्बन्धी उप-क्रियाकलापबाट खरिद, वित्तीय र लेखापरीक्षण सेवासम्बन्धी उप-क्रियाकलापमा बजेट रकमान्तरण गर्न स्वीकृति ।<br>५. परामर्शदाताहरूको भुक्तानीको स्वीकृति । | सबै प्रस्ताव पारित गरिए र देहायका मुख्य विषयमा निर्णय लिइयो :<br>१. समितिले सडक विभागसँग हस्ताक्षर गरिने आयोजना सहायता सम्झौता स्वीकृत गऱ्यो । यस सम्झौता अन्तर्गत एमसिए-नेपाल र विभागबीच निश्चित दायित्व र जिम्मेवारीमा साझेदारी गरिएको छ । विभागका सेवालाई प्रभावकारी बनाउन निश्चित सहयोग उपलब्ध गराउन यसले एमसिए-नेपाललाई मद्दत गर्नेछ । दुई पक्षबीच हस्ताक्षर भएपछि यस सम्झौतामार्फत एमसिए-नेपालले विभागलाई प्राविधिक सहायता उपलब्ध गराउने व्यवस्था गर्नेछ । |
| सोह्रौं बैठक | २०७७ बैशाख ४ | १. आपत्कालका बेला एमसिए-नेपालका कार्यकारी निर्देशकलाई निश्चित अधिकार र जिम्मेवारी प्रत्यायोजन ।<br>२. एमसिए-नेपालको बजेट निर्धारण तथा विदेशी व्यक्तिगत परामर्शदाताहरू र संस्थानहरूको भुक्तानी स्वीकृति । | सबै प्रस्ताव पारित गरिए र देहायका मुख्य विषयमा निर्णय लिइयो :<br>१. कोभिड-१९ विश्वव्यापी महामारीका कारण एमसिए-नेपालका कार्यकारी निर्देशकले कार्य क्षेत्रमा कोभिड-१९ को सामना गर्न तथा एमसिए-नेपालका कर्मचारीहरूको स्वास्थ्य र सुरक्षालाई ध्यानमा राख्नेसम्बन्धमा तत्काल र प्रभावकारी निर्णय लिन सकून् भनेर निश्चित अधिकार प्रत्यायोजन गर्ने निर्णय गऱ्यो । |
| सत्रौं बैठक | २०७७ असार २२ | १. एमसिए-नेपालका क्रियाकलापको अद्यावधिक जानकारी तथा अर्को बैठकको समय निर्धारण । | एमसिए-नेपालका कार्यकारी निर्देशकले सञ्चालक समितिसमक्ष वर्तमान क्रियाकलाप तथा आर्थिक वर्ष २०७७/७८ का योजनाबारे जानकारी गराउनुभयो । बैठकले आर्थिक वर्ष २०७७/७८ को बजेट स्वीकृति भएपछि बाँकी कार्यसूचीमा छलफल गर्न अर्को बैठक बोलाउने निर्णय गऱ्यो । |

## १.४ साङ्गठनिक संरचना



# खण्ड २
## आयोजनाहरू

### २.१ विद्युत् प्रसारण आयोजना

विद्युत् प्रसारण आयोजना अन्तर्गत ४०० केभी डबल सर्किट ओभरहेड विद्युत् प्रसारण लाइनको डिजाइन, आपूर्ति, निर्माण, जडान, परीक्षण र झण्डै ३१५ किलोमिटर लाइन तान्ने काम पर्दछन् । यसका साथै रातमाटे, नयाँ दमौली र नयाँ बुटवल गरी तीनवटा नयाँ सब-स्टेशन बनाइनेछ । यो ४०० केभी प्रसारण लाइनलाई नेपाल विद्युत् प्राधिकरणले बनाउँदै गरेको लप्सिफेदी सब-स्टेशन र नयाँ हेटौँडा सब-स्टेशनसँग पनि जोडिनेछ । भारतसँग जोड्ने दोस्रो अन्तरदेशीय प्रसारण लाइन (नेपालको नयाँ बुटवलदेखि भारतको गोरखपुरसम्म) निर्माण गर्ने महत्वपूर्ण योजनासहितको यो आयोजना नेपालको विद्युत् प्रसारण पूर्वाधार निर्माणको एक महत्वपूर्ण अंश हुनेछ । नेपालको ऊर्जा क्षेत्रको प्रभावकारितालाई सशक्त बनाउन विद्युत् प्रसारण आयोजना अन्तर्गत नेपाल विद्युत् प्राधिकरण र विद्युत् नियमन आयोग समेतलाई प्राविधिक सहायता समेत उपलब्ध गराइनेछ ।

नेपाल सरकार र एमसीसीका नीतिहरूका साथै प्राविधिक, वातावरणीय तथा सामाजिक मापदण्ड पालना गर्दै विद्युत् प्रसारण आयोजना सफलतापूर्वक कार्यान्वयन गर्ने क्रममा आयोजना व्यवस्थापन, वातावरणीय तथा सामाजिक प्रभाव मूल्याङ्कन एवं न्यूनीकरण र विद्युत् प्रसारण आयोजनाको इञ्जिनियरिङ तथा प्राविधिक सुपरीवेक्षणका लागि लाग्ने खर्च समेत उपलब्ध गराइनेछ ।

विद्युत् प्रसारण आयोजनाको मुख्य उद्देश्य भनेको नेपालको विद्युत् ग्रिडमा बिजुलीको आपूर्तिको उपलब्धता र विश्वसनीयतामा सुधार ल्याउँदै विद्युत् खपतलाई बढाउनु तथा नेपालको भारतसँगको अन्तरसीमा ऊर्जा व्यापारलाई सहयोग पुऱ्याउनु हो । यस खण्डमा विद्युत् प्रसारण आयोजना अन्तर्गत गरिने तीन मुख्य क्रियाकलापहरू अर्थात् प्रसारण लाइन एवं सब-स्टेशनसम्बन्धी क्रियाकलाप, ऊर्जा क्षेत्रमा प्राविधिक सहायतासम्बन्धी क्रियाकलाप तथा एमसीए साझेदार कार्यक्रमसम्बन्धी उप-क्रियाकलापबारे चर्चा गरिनेछ ।

#### २.१.१ प्रसारण लाइनसम्बन्धी क्रियाकलाप

प्रसारण लाइनसम्बन्धी क्रियाकलाप लगभग ३१५ किलोमिटर लामो डबल सर्किट ४०० केभी प्रसारण लाइन (केही क्वाड सर्किट टावर सहित) को डिजाइन र निर्माणमा केन्द्रित हुनेछ र यसले हाल नेपालमा अभाव भइरहेको हाइभोल्टेज ग्रिडसँगको सेतुका रूपमा काम गर्नेछ । प्रसारण लाइनका खण्डहरू तिनीहरूको प्राविधिक तथा आर्थिक गुणस्तर मापन गर्ने सोचविचारपूर्ण विश्लेषण र सम्भाव्यता अध्ययन, नेपालको मध्यकालीन तथा दीर्घकालीन विद्युत् आपूर्ति लक्ष्य हासिल गर्नमा तिनीहरूको महत्व र नेपालको आन्तरिक तथा सीमापार लगानी योजनासँगको तादात्म्यता समेतका आधारमा छनोट गरिएको छ ।

ओभरहेड प्रसारण लाइनलाई यी खण्डमा विभाजन गरिएको छ :

| प्रसारण लाइन खण्ड | टावरको सङ्ख्या | लम्बाइ (किमि) |
|---|---|---|
| नयाँ बुटवल - भारत सीमा | ५२ | १८ |
| नयाँ बुटवल- नयाँ दमौली | २४८ | ९० |
| नयाँ दमौली -रातमाटे | २४९ | ९० |
| रातमाटे - नयाँ हेटौँडा | १४२ | ५८ |
| रातमाटे - लप्सिफेदी | १६३ | ५९ |
| जम्मा | ८५४ | ३१५ |

प्रसारण लाइन क्रियाकलाप अन्तर्गत भएका प्रगतिको सारांश यसप्रकार छ :

- **प्रारम्भिक इञ्जिनियरिङ डिजाइन**

  बोलपत्र आह्वानमा समावेश गर्नका लागि प्रसारण लाइनसम्बन्धी सामग्री, निर्माण मापदण्डसम्बन्धी सम्पूर्ण प्राविधिक विवरणका साथै डिजाइन प्रतिवेदनलाई पनि अन्तिम रूप दिइसकिएको छ । बोलपत्र आह्वानका कागजात तयारीको अन्तिम चरणमा पुगेको छ ।

- **धरातलीय सर्वेक्षण तथा किलो गाड्ने कार्य**

  पीपीटीएसको इञ्जिनियरिङ टोलीद्वारा तयार गरिएको टावर संरचनाको अन्तिम निर्देशाङ्कका आधारमा किलो गाड्ने (Pegging) कार्य सन् २०१९ को अगष्टमा शुरु गरेर सन् २०२० को जनवरीमा सम्पन्न गरिएको छ ।

- **नयाँ बुटवल सब-स्टेशन नजिकको रेखाङ्कनमा परिवर्तन/नेपाल विद्युत् प्राधिकरणको मार्गमा साझेदारी**

  विद्युत् प्रसारण आयोजनाको प्रसारण लाइन तान्नका लागि नयाँ बुटवल सब-स्टेशन क्षेत्रमा अलग्गै विद्युत् प्रसारण मार्ग उपलब्ध नभएकाले नयाँ बुटवल सब-स्टेशन आसपासका क्षेत्रमा ४०० केभी प्रसारण लाइनको प्रसारण मार्ग साझेदारी गर्ने कुरामा एमसिए-नेपाल र नेपाल विद्युत् प्राधिकरण सिद्धान्ततः सहमत भएका छन् । यस अतिरिक्त, एमसिए-नेपालका लागि तथा नेपाल विद्युत् प्राधिकरणले भविष्यमा बनाउने नयाँ

बुटवल सब-स्टेशनदेखि करिव चार किलोमिटरको दूरीसम्मको ४०० केभी प्रसारण लाइनका लागि प्रयोग हुने सबै क्वाड मुज कण्डक्टर, अप्टिकल ग्राउण्ड वायर र ओभरहेड ग्राउण्ड वायर तान्ने कामसहित ४०० केभी क्वाड सर्किट टावरको डिजाइन र निर्माणसम्बन्धी जिम्मेवारी एमसिए-नेपालमा रहने कुरामा समेत दुवै पक्ष सहमत भएका छन् ।

- **नयाँ हेटौंडा सब-स्टेशन नजिकको रेखाङ्कनमा परिवर्तन/नेपाल विद्युत् प्राधिकरणको प्रसारण मार्गमा साझेदारी**

नयाँ हेटौँडा सब-स्टेशन नजिकैको प्रसारण लाइनको मार्ग परिवर्तनका लागि स्थानीय वासिन्दाले गुनासो व्यक्त गरेका कारण एमसिए-नेपालले नेपाल विद्युत् प्राधिकरणसँग विद्यमान प्रसारण लाइनको बाटो साझेदारी गर्न प्रस्ताव गरेको छ र यो विषय प्राधिकरणमा विचाराधीन छ ।

नेपाल विद्युत् प्राधिकरण, वन तथा वातावरण मन्त्रालय, गृह मन्त्रालय, विद्युत् विकास विभाग जस्ता सरकारका निकायहरूसँगका कार्यक्रम सहायता सम्झौता अन्तिम चरणमा पुगेका छन् र आवश्यकता अनुसार आगामी आर्थिक वर्षमा आधिकारिक हस्ताक्षर गरिनेछ । नेपाल विद्युत् प्राधिकरण र भारतको ऊर्जा ग्रिड कर्पोरेशनबीच संयुक्त लगानीका विषयमा सहमतिमा हस्ताक्षर भइसकेको छ र मन्त्रिपरिषदको अनुमोदनको पर्खाइमा रहेको छ ।

## २.१.२ सब-स्टेशन क्रियाकलाप

विद्युत् प्रसारण आयोजनाको सब-स्टेशन क्रियाकलाप अन्तर्गत तीनवटा नयाँ ४०० केभीका इनडोर ग्यास कुचालक सब-स्टेशन (GIS) बन्नेछन् । रातमाटे सब-स्टेशन नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिकामा, नयाँ दमौली सब-स्टेशन तनहुँ जिल्लाको दमौलीमा र नयाँ बुटवल सब-स्टेशन पश्चिम नवलपरासी जिल्लाको भूमहीमा पर्दछन् । यस क्रियाकलाप अन्तर्गत निर्माण गरिने यी तीनवटा सब-स्टेशनका अतिरिक्त विद्युत् प्रसारण आयोजना अन्तर्गत निर्माण गरिने प्रसारण लाइन लप्सिफेदी र नयाँ हेटौँडामा रहेका नेपाल विद्युत् प्राधिकरणका सब-स्टेशनमा पनि जोडिनेछ । यो क्रियाकलाप अन्तर्गतका बोलपत्र आह्वान र कार्यान्वयन बाँकी नै रहेकाले सब-स्टेशन निर्माणसम्बन्धी कार्य शुरु गरिएको छैन ।

सब-स्टेशन क्रियाकलापसँग सम्बन्धित प्रगतिको सारांश यसप्रकार छ ः

### प्रारम्भिक इन्जिनियरिङ डिजाइनलाई अन्तिम रूप प्रदान गरिँदै

तीन वटै सब-स्टेशनसम्बन्धी प्राविधिक विवरण, आयोजनाका लागि आवश्यक कुराहरू र डिजाइन प्रतिवेदन एमसिए-नेपालको तर्फबाट समीक्षा र अन्तिम रूप प्रदान गर्ने चरणमा पुगेका छन् । त्यसपछि बोलपत्र आह्वानपत्रमा आवश्यकता अनुसार प्राविधिक विवरण समावेश गरिनेछ । बोलपत्र आह्वानसम्बन्धी कागजात अन्तिम रूप दिने चरणमा छ ।

### रातमाटे सब-स्टेशनका लागि जग्गा अधिग्रहण

नुवाकोट जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी श्री द्रोण पोखरेलको अध्यक्षतामा विसं २०७६ माघ १५ मा बसेको क्षतिपूर्ति निर्धारण समितिको बैठकले नुवाकोट जिल्ला बेलकोटगढी नगरपालिका वडा नम्बर ७ रातमाटेमा निर्माण हुने सब-स्टेशनका लागि आवश्यक पर्ने जग्गाको क्षतिपूर्ति दर निर्धारण गरेको छ । तथापि, कोभिड-१९ कारण जारी गरिएको लकडाउन र आवागमनमा रोकका कारण क्षतिपूर्ति वितरणको काम हाललाई स्थगित गरिएको छ ।

### पुनर्वास कार्ययोजना र जीविकोपार्जन पुनर्स्थापन योजना

रातमाटे सब-स्टेशनको पुनर्वास कार्ययोजना र जीविकोपार्जन पुनर्स्थापन योजनाको एक अंशका रूपमा संरचना मूल्याङ्कन प्रतिवेदनलाई अन्तिम रूप दिनुका साथै अनुमोदन पनि गरिएको छ । वित्तीय साक्षरता कार्यक्रम र बैङ्क खाता खोल्ने कार्यक्रमका लागि साझेदार बैङ्क छनोटसम्बन्धी छलफल अन्तिम चरणमा पुगेको छ । कोभिड-१९ को अवस्थामा सहजता आएपछि मात्र यो काम कार्यान्वयनमा आउनेछ ।

### सडक मूल्याङ्कन सर्वेक्षण

एमसिए-नेपालले सब-स्टेशन निर्माण हुने सम्भावित क्षेत्रमा रहेका सडक र पुलहरूको अवस्था मूल्याङ्कन गर्नका लागि सडक मूल्याङ्कन सर्वेक्षण परामर्शदातृ संस्था नियुक्त गरिसकेको छ । परामर्शदाताहरूले सर्वेक्षण गर्नका लागि विभिन्न पुलको सूची तयार गरिसकेका छन् । उनीहरूले कोभिड-१९ को अवस्थामा सुधार आएपछि मात्र त्यस क्षेत्रको भौतिक सर्वेक्षण गरेर प्रारम्भिक प्रतिवेदन दिन सकिने जानकारी गराएका छन् ।

### आयोजना सहायता सम्झौता

प्रसारण लाइन क्रियाकलापको अभिन्न अङ्गका रूपमा रहेको नेपाल विद्युत् प्राधिकरणसँगको आयोजना सहायता सम्झौतालाई एमसिए-नेपालले तयार गरी अन्तिम रूप दिइसकेको छ र यसको जानकारी प्राधिकरणलाई गराई सकिएको छ । तथापि, कम्प्याक्ट अनुमोदन र कोभिड-१९ को अवस्थाले गर्दा यो कागजातमा दुई पक्षबीच छलफल र सहमति हुन बाँकी नै छ ।



रातमाटे सब-स्टेशन निर्माण स्थल



नयाँ दमौली सब-स्टेशन निर्माण स्थल



नयाँ बुटवल सब-स्टेशन निर्माण स्थल

## २.१.३ ऊर्जा क्षेत्र प्राविधिक सहायतासम्बन्धी क्रियाकलाप

ऊर्जा क्षेत्र प्राविधिक सहायतासम्बन्धी क्रियाकलापले नेपालका विद्युत् नियमन आयोग र नेपाल विद्युत् प्राधिकरण लगायतका ऊर्जा क्षेत्रका संस्थाहरूलाई सुदृढ बनाउन मद्दत गर्नेछ । यसको उद्देश्य विद्युत् नियमन आयोगलाई स्वतन्त्र रूपमा विद्युत् क्षेत्रको नियमनमा क्रियाशील रहन र प्राविधिक सहायतामार्फत यसको क्षमता विकास गरी नेपालको ऊर्जा क्षेत्रलाई पारदर्शी, प्रभावकारी र प्रतिस्पर्धी बनाउनु हो ।

विद्युत् नियमन आयोगलाई गरिने प्राविधिक सहायता नियम तर्जुमा, विवाद समाधान र आर्थिक तथा प्राविधिक नियमनसम्बन्धी उक्त आयोगको सीपमा सुधार गर्न आयोगमै विज्ञ जनशक्ति उपलब्ध गराउने काममा केन्द्रित रहनेछ । साथै देहायका मूल उद्देश्यहरू प्राप्त गर्न पनि यो सहायता उपलब्ध हुनेछ :

- विद्युत् नियमन आयोगलाई आवश्यक सीप र साधनसहितको नेपालको ऊर्जा क्षेत्रको क्रियाशील सरोकारवाला निकायका रूपमा विकास गर्न सहयोग गर्ने,
- उपभोक्ताले धान्न सक्ने र पहुँच प्राप्त गर्नसक्ने सुनिश्चित गर्न महसुल मूल्य निर्धारणमा सामाजिक समता विधि तय गरी सिफारिस गर्न सहयोग गर्ने,
- युक्तिसङ्गत, पारदर्शी र सशक्त महसुल फाइलिङ प्रक्रियाका लागि ऊर्जा क्षेत्रको वित्तीय सम्भाव्यतालाई सघाउने,
- उपभोक्ता सेवा मापदण्डको निर्माण र अनुगमन गर्न तथा प्राविधिक कार्यसम्पादनमा सुधारका लागि नियमित परिणामलाई प्रभावकारितासँग जोड्न सहयोग गर्ने,
- बढ्दो प्रतिस्पर्धा, थप सशक्त क्षेत्रगत योजना तर्जुमा र वृद्धि र प्रभावकारी ऊर्जा व्यापारलाई प्रोत्साहित गर्ने नीति तथा नियमनमार्फत नेपालको ऊर्जा क्षेत्रको विकास गर्न विद्युत् नियमन आयोगलाई सहयोग गर्ने,
- मुख्य नियमनकारी संरचनाहरूमा उच्च मापदण्ड स्थापित गर्न विद्युत् नियमन आयोगलाई सहयोग गर्ने ।

  नेपाल विद्युत् प्राधिकरणलाई गरिने प्राविधिक सहायता सञ्जाल विकास, सञ्चालन र मर्मत सम्भारसम्बन्धी अभ्यासलाई सशक्त बनाउन प्रसारण व्यवसायका लागि सुधारिएको प्रक्रिया र निर्णय लिने संरचना स्थापित गर्न नेपाल विद्युत् प्राधिकरणलाई सहयोग गर्नमा केन्द्रित हुनेछ ।

ऊर्जा क्षेत्र प्राविधिक सहायता क्रियाकलापसँग सम्बन्धित प्रगतिको सारांश यस प्रकार छ :

### नेपाल विद्युत् प्राधिकरणलाई प्राविधिक सहायता

- आवश्यकता मूल्याङ्कन प्रतिवेदन र प्राविधिक सहायता मूल्याङ्कन समीक्षामा आधारित रहेर प्राधिकरणलाई दिइने प्राविधिक सहायता क्रियाकलापलाई टुङ्गो लगाउन विद्युत् नियमन आयोग, नेपाल विद्युत् प्राधिकरण र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका अधिकारीहरू तथा द्विपक्षीय संस्थाहरूको सहभागितासहित २०७६ साल असोज १४ देखि २०७६ साल असोज १५ सम्म उच्चस्तरीय संयुक्त कार्यशाला सञ्चालन गरियो । प्राधिकरणका लागि आवश्यकता मूल्याङ्कन प्रतिवेदन तयार गरी तदनुसार यसलाई अन्तिम रूप प्रदान गरी सकिएको छ भने उक्त प्रतिवेदन समीक्षाका लागि प्राधिकरणमा पठाइएको छ ।
- आवश्यकता मूल्याङ्कन अध्ययनमार्फत नेपाल विद्युत् प्राधिकरणका लागि देहाय अनुसार विभिन्न छ वटा सहायता प्याकेज पहिचान गरिएको छ : प्रसारण व्यापार हस्तान्तरण, सम्पत्ति मर्मत तथा सञ्चालन, प्रणाली तथा बजार परिचालन, योजना पद्धति, प्रभावकारी सञ्जाल विकास र उपयोगिता व्यवस्थापन ।
- अन्तिम सिफारिस प्रतिवेदनमा आधारित रहेर नेपाल विद्युत् प्राधिकरणलाई गरिने छ वटै प्याकेजका प्राविधिक सहायताका शर्तहरूको मसौदा तयार गरी समीक्षा गरियो र प्राधिकरणलाई पठाइयो ।
- अन्तिम सिफारिस प्रतिवेदन र नेपाल विद्युत् प्राधिकरणलाई गरिने छ वटै प्याकेजका प्राविधिक सहायतासम्बन्धी शर्तहरूको मसौदामा आधारित रहेर सूचनाका लागि आग्रह (Request for Information) तयार गरिएको छ । एमसिए-नेपालको सञ्चालक समितिबाट अनुमति प्राप्त भएपछि यसलाई सार्वजनिक रूपमा प्रकाशन गरिनेछ ।
- वि.सं. २०७६ मङ्सिर २ मा काठमाडौँमा र वि.सं. २०७६ मङ्सिर १३ देखि १४ सम्म दिल्लीमा गरी दुई वटा आउटरिच कार्यक्रम सम्पन्न गरियो ।

### विद्युत् नियमन आयोग र नेपाल विद्युत् प्राधिकरणलाई नियमनसम्बन्धी सहायता

- आवश्यकता मूल्याङ्कन प्रतिवेदन र प्राविधिक सहायता मूल्याङ्कन समीक्षामा आधारित रहेर विद्युत् नियमन आयोग, नेपाल विद्युत् प्राधिकरण र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका अधिकारीहरू तथा दुई पक्षीय संस्थाहरुबीच वि.सं. २०७६ असोज १४ देखि असोज १५ सम्म विद्युत नियमन आयोगलाई दिइने प्राविधिक सहायता क्रियाकलापलाई टुङ्गो लगाउन उच्चस्तरीय संयुक्त कार्यशाला सञ्चालन गरियो ।
- विद्युत् नियमन आयोगका लागि आवश्यकता मूल्याङ्कन प्रतिवेदन तयार गरी अन्तिम रूप दिइयो र उक्त प्रतिवेदन समीक्षा गर्न आयोगमा पठाइएको छ ।
- आवश्यकता मूल्याङ्कन प्रतिवेदनमा आधारित रहेर विद्युत् नियमन आयोगलाई गरिने सहायतासम्बन्धी क्रियाकलापहरूलाई सम्बन्धित बजेटसहित अन्तिम रूप दिइएको छ ।
- आवश्यकता मूल्याङ्कन प्रतिवेदनका आधारमा संलग्न सल्लाहकारहरूका सेवा शर्तहरूलाई अन्तिम रूप दिइयो र तदनुसार सेवा र शर्तहरूको सारांश तयार गरी एमसिए-नेपाल सञ्चालक समितिमा समीक्षाका लागि पठाइयो ।
- संलग्न सल्लाहकारहरू (व्यक्ति र परामर्शदाता संस्था समेत) का लागि आह्वानपत्र सार्वजनिक गरिसकिएको छ ।

- विद्युत् नियमन आयोगसँग आयोजना सहायता सम्झौता सम्पन्न भएको छ । यो दस्तावेज आधिकारिक अनुमोदनका लागि आयोगमा रहेको छ।
- विद्युत् नियमन आयोगले जारी गरेको हालको विद्युत् महसुलले नेपाल विद्युत् प्राधिकरणमा पार्ने प्रभाव समेतको विश्लेषण तयार गरिसकिएको छ र यसलाई एमसिए-नेपाल र एमसीसी टोलीलाई उपलब्ध गराइएको छ।

### २.१.४ एमसिए-नेपाल साझेदार कार्यक्रमका उप-क्रियाकलाप

विद्युत् प्रसारण आयोजनामा एमसिए-नेपाल साझेदार कार्यक्कमको उप- क्रियाकलापका रूपमा "ज्ञान आदानप्रदान तथा सामाजिक स्वीकार्यतामार्फत लाभ एकीकरण" लाई पनि समावेश गरिएको छ । एमसिए साझेदार कार्यक्रमको उद्देश्य स्थानीय समुदायको विश्वास हासिल गर्ने, उनीहरूसँग सम्बन्ध विस्तार गर्ने र विद्युत् प्रसारण लाइनका लाभ वितरण गर्ने हो । यस कार्यक्रममार्फत लाभ वितरण गर्दा आयोजना सञ्चालन हुने क्षेत्रका समुदायसँग सम्बन्ध विस्तार भई आयोजनालाई सहज बनाउनुका साथ समयमै सम्पन्न गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। आयोजनाबाट स्थानीय सरोकारवालालाई हुने फाइदा बढाएर प्रसारण लाइनका क्रियाकलापमा आउनसक्ने सम्भावित विरोधलाई न्यूनीकरण गर्ने उपायका रूपमा पनि यस उप-क्रियाकलापलाई प्रस्ताव गरिएको हो। आयोजनाबाट प्रत्यक्ष र परोक्ष रूपमा प्रभावित हुने जनताबीच समतापूर्ण रूपमा पूर्वाधार विकासको लाभ वितरण भएको सुनिश्चित गर्ने आशय यस उप-क्रियाकलापको रहेको छ। लाभ वितरण संयन्त्र क्षतिपूर्ति र न्यूनीकरण पहलमा मात्र सीमित नभएर आयोजनाको अवधिभरि नै सञ्चालनमा रहन सक्छ। प्रसारण लाइनको मार्गमा पर्ने तथा सब-स्टेशन निर्माण क्षेत्रमा पर्ने सम्पूर्ण प्रभावित वडाहरूका लागि एमसिए साझेदार कार्यक्रम तय गरिएको हो।

एमसिए-नेपाल साझेदार कार्यक्रमको प्रारूप प्रतिवेदन तयार भइसकेको छ र यसमा वडाको आधारभूत तथ्याङ्क, एमसिए साझेदार कार्यक्रममा समावेश गरिनुपर्ने विषयगत क्षेत्रसम्बन्धी सिफारिस, लाभग्राही वर्गका लागि विकल्प र कोष विनियोजन कार्यविधिसम्बन्धी सिफारिस, उप-क्रियाकलाप योजनाका लागि बजेटको अनुमान, कार्यान्वयनका लागि लैङ्गिक पक्ष र संस्थागत संयन्त्रसम्बन्धी सिफारिस जस्ता विषय समेटिएका छन्। आन्तरिक रूपमा एमसिए साझेदार कार्यक्रमको प्रारूपसम्बन्धी कार्यशाला सञ्चालन गरी एमसिए-नेपाल साझेदार कार्यक्रमको प्रारूपसम्बन्धी प्रतिवेदन तथा उप-क्रियाकलापसम्बन्धी योजना तर्जुमा गर्न कार्ययोजना तयार गरिएको छ। एमसिए साझेदार कार्यक्रमको उप-क्रियाकलाप योजना तयार गर्नका लागि अहिलेसम्म पूरा गरिएका कामहरू यसप्रकार छन् : तथ्याङ्क सङ्कलन तथा प्रारूप कार्यशालाका बेला उप-क्रियाकलापका सैद्धान्तिक क्षेत्रहरूको प्रमाणिकरणसहित अन्तिम रूप, विस्तृत बजेट अनुमानका लागि तथ्याङ्क विश्लेषण, लाभान्वित समूहको अन्तिम पहिचान, परामर्श रणनीतिको मस्यौदा तथा सामुदायिक परामर्शका लागि प्रस्तुतीकरणका सामग्री।

## २.२ सडक मर्मत आयोजना

सडक मर्मत आयोजनाको लक्ष्य सडक विभाग र सडक बोर्ड नेपाललाई प्राविधिक सहायता उपलब्ध गराउनुका साथै तिनीहरूको क्षमता विकास गरी नेपालका रणनैतिक सडक सञ्जालको गुणस्तर अभिवृद्धि गर्नु हो। यसका साथै मुलुकको रणनैतिक सडक सञ्जालमध्ये बढीमा ३०५ किलोमिटरको आवधिक मर्मत कार्य गर्नु तथा नेपालको सडक मर्मत बजेटको दायरा बढाउनका लागि प्रोत्साहन गर्न एक मिलान कोष (म्याचिङ फण्ड) उपलब्ध गराउनु हो।

नेपाल सरकार र एमसीसीको नीतिगत दायरामा रही यो आयोजनाको सफल कार्यान्वयन गर्ने क्रममा प्राविधिक, वातावरणीय तथा सामाजिक मापदण्ड, आयोजना व्यवस्थापनका आवश्यक खर्च, वातावरणीय तथा सामाजिक प्रभाव मूल्याङ्कन र इञ्जिनियरिङ तथा प्राविधिक सुपरिवेक्षण कार्यका लागि समेत सहयोग उपलब्ध गराइनेछ।

यो खण्डमा सडक मर्मत आयोजनाका दुई महत्वपूर्ण क्रियाकलाप - प्राविधिक सहयोग क्रियाकलाप र रणनैतिक सडक मर्मत कार्यसम्बन्धी क्रियाकलापबारे चर्चा गरिनेछ।

### २.२.१ प्राविधिक सहायता क्रियाकलाप

प्राविधिक सहायता क्रियाकलाप अन्तर्गत सडक विभाग र सडक बोर्ड नेपाललाई सडक मर्मतको योजना, मूल्याङ्कन र नियमित र आवधिक रूपमा मर्मत कार्य गर्ने क्षमता अभिवृद्धिका लागि प्राविधिक सहायता उपलब्ध गराइनेछ। यसका लागि तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरू देहायका क्षेत्रमा केन्द्रित गरिनेछ :

- तथ्याङ्क सङ्कलन तथा प्राविधिक सुधार
- आर्थिक रूपमा उचित हुने गरी उपयुक्त सडक मर्मत योजनाको तयारी
- आवधिक मर्मतको प्राथमिकतामा सुधार
- एकीकृत सडक सुरक्षा सुधारका उपायहरूसहित ठेक्का र ठेक्का व्यवस्थापनमा सुधार
- आयोजना व्यवस्थापनमा सुधार

तालिम र क्षमता अभिवृद्धिसम्बन्धी क्रियाकलापमा आधुनिक सडक मर्मत विधि, प्रविधि र व्यापारिक प्रक्रियाहरूको ज्ञान हस्तान्तरण पनि समेटिनेछ।

### २.२.२ रणनैतिक सडक मर्मत कार्यसम्बन्धी क्रियाकलाप

रणनैतिक सडक मर्मत कार्यसम्बन्धी क्रियाकलापको उद्देश्य प्राविधिक सहायता क्रियाकलापमा आधारित भई त्यसको पूरकका रूपमा कार्य गर्नु हो। यस अन्तर्गत दुई उप-क्रियाकलापरू पर्दछन् :

### पेभमेण्ट रिसाइक्लिङ

रणनैतिक सडक मर्मत क्रियाकलाप अन्तर्गत नयाँ पेभमेण्ट सुधार प्रविधिका दुई तरिका फूल डेप्थ रिक्लेमेशन (FDR) र सुपेरियर पर्फमिङ आस्फाल्ट पेभमेण्ट (Superpave) अवलम्वन गरिनेछ। यो उप- क्रियाकलापमा नयाँ प्रविधि प्रयोग गरी साँघुरा सडक खासगरी ट्राफिकको चाप बढी हुने, काम गर्न असजिलो अवस्था र निर्माणको थप अवधिलाई समेत ध्यानमा राखी त्यससँग जोडिएका सम्भावित समस्या समेत पहिल्याउँदै काम गरिनेछ। रणनैतिक सडक मर्मत क्रियाकलापसम्बन्धी बाँकी कार्यक्रम डिजाइनका लागि सूचना उपलब्ध गराउन कम्प्याक्ट कार्यान्वयनमा प्रवेश गर्नु अघि नै यो उप-क्रियाकलापको परीक्षण र मूल्याङ्कन गर्नुपर्ने प्रस्ताव गरिएको छ।

### मिलान कोष (म्याचिङ फण्ड)

नेपाल सरकारले सडक मर्मतमा गर्ने खर्चमा थप प्रोत्साहन गर्न नेपाल सरकारले सडक मर्मत कार्यक्रममा एक अमेरिकी डलर लगानी गर्दा त्यसबापत एमसीसी कोषबाट दुई अमेरिकी डलर उपलब्ध गराउने सुनिश्चित गरी एक मिलान कोष (म्याचिङ फण्ड) खडा गरिनेछ। यस अन्तर्गत नेपाल सरकारले हाल आवधिक सडक मर्मतमा गरिरहेको सरदर वार्षिक रकममा तीन वर्षभित्र चार करोड ५० लाख अमेरिकी डलर उपलब्ध गराइनेछ। यो मिलान कोष (म्याचिङ फण्ड) आवधिक सडक मर्मत कार्यका लागि प्रयोग हुनेछ।

सडक मर्मत आयोजना अन्तर्गत प्राविधिक सहायता तथा रणनैतिक सडक मर्मत कार्य क्रियाकलापका प्रगतिको सारांश यसप्रकार रहेको छ :

- सडक विभागले आयोजना सहायता सम्झौतालाई विसं २०७६ माघ १६ मा लिखित रूपमा स्वीकार गऱ्यो र त्यस सम्झौतालाई एमसिए-नेपाल सञ्चालक समितिले विसं २०७६ माघ २७ मा अनुमोदन गऱ्यो। एमसिए-नेपाल सञ्चालक समितिको निर्णयबारे सडक विभागलाई जानकारी गराइएको छ। यो सम्झौतामा दुवै पक्षबीच हस्ताक्षर हुन भने बाँकी छ।
- आयोजना सहायता सम्झौताबारे सडक बोर्ड नेपालको सञ्चालक समितिलाई विसं २०७६ कात्तिक २० मा नै जानकारी गराइसकिएको छ। एमसिए-नेपाल सडक बोर्ड नेपालको आधिकारिक स्वीकृतिका लागि पर्खिरहेको छ।
- नमुना सडक डिजाइन तथा सुपरिवेक्षण कार्यका लागि डिजाइन तथा सुपरिवेक्षण परामर्शदाता छनोट गर्ने काम प्रारम्भ भइसकेको छ।
- एमसिए-नेपालले नमुना सडक पुनर्प्रयोग (Recycling) आयोजनाको डिजाइन र पुनर्वास कार्ययोजनाको तयारी, पुनर्वास कार्ययोजना कार्यान्वयन र सुपरिवेक्षण तथा निर्माणको सुपरिवेक्षण कार्यसँग सम्बन्धित पुनर्वास नीति प्रारूप वि.सं. २०७६ फागुन २९ मा जारी गरिसकेको छ।
- सडक विभाग र एमसिए-नेपालबीच भएको आयोजना सहायता सम्झौताको अङ्कका रूपमा रहेको फलिङ वेट डिफ्लेक्टोमिटर खरिद गर्ने काम सम्पन्न भएको छ। यसले सडक विभागको सडक व्यवस्थापन प्रणालीका लागि पेभमेण्टको यथावस्था विश्लेषण तथा सडक पुनर्स्थापन आयोजनाका लागि तथ्याङ्कको पार्श्व विश्लेषणमा सहयोग पुऱ्याउनेछ । सम्झौताकै अर्को अङ्कका रूपमा रहेको सुपरपेभ आस्फाल्ट प्रयोगशाला उपकरण पनि खरिद गरी सकिएको छ। यसले नेपालका सन्दर्भमा नयाँ पेभमेण्ट प्रविधि एफडीआर र सुपरपेभलाई अङ्गीकार गर्दै सडक विभागको प्राविधिक क्षमतालाई बलियो बनाउनेछ। यसका अतिरिक्त यी प्रयोगशाला उपकरणले नमुना कामका क्रियाकलापलाई पनि सहयोग गर्नेछन् र एमसिए-नेपालले सडक निर्माणका काममा यी उपकरणको प्रयोग र उपयोगका विषयमा सडक विभागलाई कार्यगत तालिम पनि उपलब्ध गराउनेछ। यसैगरी एमसिए-नेपालले खरिद गरेको सुपरपेभ आस्फाल्ट प्रयोगशाला उपकरण राख्नका लागि आगामी आर्थिक वर्ष एउटा प्रयोगशाला भवन पनि बनाइनेछ।

# खण्ड ३
## वातावरण र सामाजिक सुरक्षा

एमसिए-नेपालको विद्युत् प्रसारण आयोजना र सडक मर्मत आयोजना क्रियाकलाप कार्यान्वयनका सन्दर्भमा वातावरण र सामाजिक सुरक्षालाई प्रमुख क्षेत्र वा विषयका रूपमा पहिचान गरिएको छ। यसका लागि वातावरणीय तथा सामाजिक चुनौतीहरू पहिचान गर्ने, विश्लेषण र समाधानका उपाय खोज्ने, वातावरणीय र सामाजिक मापदण्ड कायम राख्न आवश्यक पर्ने नियामक व्यवस्था पूरा गर्ने र आयोजनाका लागि सरोकारवालाको सुझाव र समर्थन कायम राख्न निरन्तर सम्पर्कमा रहने व्यवस्था गरिएको छ।

एमसीसीको वातावरणीय दिग्दर्शन अनुसार प्रस्तावित विद्युत् प्रसारण आयोजना यसले वातावरणमा पार्न सक्ने प्रभावको आधारमा 'क' वर्गमा पर्दछ। एमसीसी वातावरणीय दिग्दर्शनमा सन्दर्भ सामग्रीका रूपमा समावेश गरिएको अन्तरराष्ट्रिय वित्तीय संस्थाका आठ वटा कार्यसम्पादन मापदण्डमध्ये सात वटालाई प्रारम्भिक मूल्याङ्कनका आधारमा एमसिए-नेपालका आयोजनाहरूमा लागू गरिनेछ। विद्युत् प्रसारण आयोजनामा केही पन्छाउनै नसकिने रुख काट्ने, जमीन लिने र पुनर्स्थापन गर्ने जस्ता वातावरणीय र सामाजिक प्रभाव हुन्छन्। तथापि, यी सबै खालका जोखिममा उचित क्षतिपूर्ति, समाधान वा व्यवस्थापनका उपाय अपनाएर आयोजना क्षेत्रमा पर्ने वातावरणीय तथा सामाजिक प्रभाव समाधान गर्न वा कम गर्न उचित प्रयास गरिनेछ। विद्युत् प्रसारण आयोजनाले निर्माणका काम थाल्नु अघि नै आन्तरिक वातावरणीय प्रभाव मूल्याङ्कन अनुमति प्रक्रिया र यससँगै जोडिएको वन फँडानी अनुमति प्रक्रिया पूरा गर्नेछ।

एमसीसी वातावरणीय दिग्दर्शन अनुसार सडक मर्मत आयोजना यसले वातावरणमा पार्न सक्ने प्रभावको आधारमा 'ख' वर्गमा पर्दछ। यसका प्रस्तावित क्रियाकलापहरूबाट वातावरणीय र सामाजिक जोखिम वा प्रभाव सम्भवतः कमै पर्नेछ। अथवा, यसबाट प्रभाव पर्ने सङ्ख्या कमै हुनेछन्। यस अन्तर्गत सामान्यतः कार्यक्षेत्र विशेष, सम्पूर्ण रूपमा फेर्न वा विकल्प दिन सकिने र तत्काल समाधान खोज्न सकिने खालका चुनौती हुन सक्छन्। निर्माण क्रियाकलापका कारण सिर्जना हुनसक्ने केही समयका लागि सडक बन्द गर्नुपर्ने, खन्ने र खाल्डो पुर्ने, हल्ला, धूलो र कामदार तथा समुदायका मानिसको स्वास्थ्य र सुरक्षा जस्ता केही वातावरणीय र सामाजिक जोखिम वा प्रभावलाई वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना अनुरूप वातावरणीय र सामाजिक प्रभावको सङ्क्षिप्त मूल्याङ्कनका बेला पत्ता लगाइएका उपायका आधारमा व्यवस्थापन गरिनेछ।

विद्युत् प्रसारण आयोजनाले तीन प्रदेश, १० जिल्ला, एक उप-महानगरपालिका, ११ नगरपालिका र १८ गाउँपालिकामा असर पार्नेछ। आयोजनाले पार्ने वातावरणीय (भौतिक, जैविक र सामाजिक, आर्थिक तथा सांस्कृतिक) प्रभावको मूल्याङ्कन गरी सकारात्मक प्रभाव बढी र नकारात्मक प्रभाव कम पार्ने उपायबारे नेपाल सरकारको वातावरणसम्बन्धी कानुन र नियमावली अनुरूप एमसिए-नेपालले वातावरणीय प्रभाव मूल्याङ्कन गरिसकेको छ।

### ३.१ वातावरणीय प्रभाव मूल्याङ्कन

- विसं २०७६ जेठमा नगरपालिकाहरूसँगको परामर्शपछि एमसिए-नेपालले वातावरणीय प्रभाव मूल्याङ्कनको अन्तिम मसौदा तयार गरिसकेको छ। वातावरण संरक्षण ऐन र नियमावली अनुरूप आयोजनाले प्रभाव पार्ने १० वटै जिल्लाका ३० वटा गाउँपालिका, नगरपालिका र उप-महानगरपालिकामा सार्वजनिक सुनुवाइ गरी वातावरणीय प्रभाव मूल्याङ्कन र यससँग सम्बन्धित प्रभावहरूबारे जानकारी गराइएको थियो। स्थानीयहरूको मागका आधारमा मकवानपुर जिल्लाको थाहा नगरपालिकामा थप एक सार्वजनिक सुनुवाइ कार्यक्रम गरिएको थियो।
- सार्वजनिक सुनुवाइ कार्यक्रम वि.सं. २०७६ मङसिर ८ देखि १९ सम्ममा सम्पन्न भएका थिए। आयोजना कार्यान्वयन भएमा कुनै आपत्ति नहुने सिफारिस पत्र ३० वटै स्थानीय सरकारबाट आयोजनाले प्राप्त गरिसकेको छ।
- वन तथा वातावरण मन्त्रालयद्वारा मनोनीत पाँच जना स्वतन्त्र समीक्षकको टोलीले समीक्षा गरेपछि एमसिए-नेपालले परिमार्जित अन्तिम वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन विद्युत् विकास विभागसमक्ष वि.सं. २०७६ चैत ११ मा पेश गरेको थियो। वातावरण संरक्षण ऐन तथा नियमावलीको प्रावधान अनुसार विद्युत् विकास विभागमा वि.सं. २०७७ वैशाख २१ मा वातावरणीय प्रभाव मूल्याङ्कनको समीक्षा बैठक बसेको थियो। विद्युत् विकास विभागले वि.सं. २०७७ वैशाख २९ मा यस प्रतिवेदनमाथि समग्र रूपमा सुझाव दिएको थियो। एमसिए-नेपालले उक्त सुझाव अनुसार प्रतिवेदनलाई परिमार्जन गरी वि.सं. २०७७ जेठ २१ मा उक्त प्रतिवेदन पुनः विद्युत् विकास विभागसमक्ष पेश गरेको थियो।
- परिमार्जित वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा विद्युत् विकास विभागले वि.सं. २०७७ असार २९ मा थप टिप्पणीहरू उपलब्ध गराएको थियो। विद्युत् विकास विभागको पछिल्लो टिप्पणीबारे छलफल गर्न वि.सं. २०७७ असार २९ मा विद्युत् विकास विभागमै बैठक बसेको थियो। बैठकमा विद्युत् विकास विभागका महानिर्देशक, वातावरण हेर्ने उप-महानिर्देशक, उप-सचिवहरू र प्राविधिक अधिकारीहरू तथा एमसिए-नेपालका अधिकारीहरू र परामर्शदाता सहभागी हुनुहुन्थ्यो। वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमाथि वि.सं. २०७७ असार ३० मा राष्ट्रपति चुरे तराइ मधेश संरक्षण विकास समितिको टिप्पणी प्राप्त भएको थियो।
- वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको अङ्गका रूपमा एमसिए-नेपालले वातावरणीय, सामाजिक, स्वास्थ्य र सुरक्षा व्यवस्थापन योजना बनाएर नागरिक, समाज र वातावरणको सुरक्षाका लागि अनिवार्य रूपमा गर्नैपर्ने कामको सूची तयार पारेको छ। हाल यो योजना अन्तिम चरणमा पुगेको छ र एमसीसीले यसलाई अनुमोदन गरिसकेको छ। तथापि यो जीवन्त दस्तावेज हो र यसलाई आवश्यकता अनुसार अद्यावधिक गर्न सकिन्छ। यो योजनाले विद्युत् प्रसारण आयोजनाको निर्माणको चरणलाई समेटेको छ र यो योजना आयोजनाका क्रियाकलाप सञ्चालनका

बेला उचित नियन्त्रण र समाधानका उपायहरू सुनिश्चित गर्नका लागि अत्यावश्यक योजना हो । यसले व्यवस्थापन र अनुगमनका मापदण्डलाई परिभाषित गर्दै आयोजनाबाट पर्नसक्ने विभिन्न खालका प्रभावलाई उचित मापदण्डका आधारमा सम्बोधन र परिपालन गराउने कुरा सुनिश्चित गरेको छ । साथै, सम्भावित प्रभावलाई प्रभावकारी रूपमा सम्बोधन गर्ने उपायबारे सहमति जनाइएको छ ।

## ३.२ वातावरणीय तथा सामाजिक प्रभाव मूल्याङ्कन

वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन विद्युत् विकास विभागसमक्ष पेश गरिसकेपछि एमसिए-नेपालले वातावरणीय तथा सामाजिक प्रभाव मूल्याङ्कन (ESIA)को प्रतिवेदनमा काम शुरु गरेको छ । वातावरणीय प्रभाव मूल्याङ्कनसम्बन्धमा गरिएका कामको मूल्याङ्कन गरी एमसीसीका वातावरणीय नीतिहरू एवं अन्तरराष्ट्रिय वित्त निगमका वातावरण तथा सामाजिक दिगोपनासम्बन्धी कार्यसम्पादन मापदण्डहरूमा भएका प्रावधानहरू पूरा गर्नका लागि आवश्यक थप कामको दायरा तय गरिएको थियो ।




वि.सं. २०७६ मङ्सिर ८ गते नुवाकोटको बेलकोटगढी नगरपालिकास्थित रातमाटेमा सञ्चालन गरिएको वातावरणीय प्रभाव मूल्याङ्कनसम्बन्धी सार्वजनिक सुनुवाइ ।




विसं २०७६ मङ्सिर १० गते नुवाकोटको लिखु गाउँपालिकास्थित छहरेमा सञ्चालन गरिएको वातावरणीय प्रभाव मूल्याङ्कनसम्बन्धी सार्वजनिक सुनुवाइ ।



वि.सं. २०७६ मङ्सिर १३ गते चितवनको इच्छाकामना गाउँपालिकास्थित कुरिनटारमा सञ्चालन गरिएको वातावरणीय प्रभाव मूल्याङ्कनसम्बन्धी सार्वजनिक सुनुवाइ ।




विसं २०७६ मङ्सिर ११ गते वातावरणीय प्रभाव मूल्याङ्कनसम्बन्धी सार्वजनिक सुनुवाइ आयोजनापछि पञ्चकन्या गाउँपालिकाका अध्यक्ष तथा अन्य अधिकारीरूसँग अन्तरक्रिया गर्दै ।

## ३.३  सामाजिक सुरक्षा तथा पुनर्स्थापन

### ३.३.१ सामाजिक सुरक्षा

विद्युत् प्रसारण आयोजना कार्यान्वयनका क्रममा नेपाल सरकारको जग्गा अधिग्रहण ऐन-२०३४ अनुसार रातमाटेमा सब-स्टेशन, प्रसारण लाइन टावरको अवस्थिति र यससँग जोडिएका अन्य कामका लागि जग्गा अधिग्रहण गर्नुपर्ने हुन्छ । यस अतिरिक्त, प्रसारण लाइनको ठिक तल पर्ने जमीनमा विद्युत् ऐन-२०४९ र विद्युत् नियमावली-२०५० को प्रावधान अनुसार हक कायम गर्नुपर्ने हुन्छ । यी क्रियाकलापले आयोजना क्षेत्रमा बसोवास गर्ने व्यक्ति र परिवारको जीविकोपार्जनमा प्रभाव पार्छ र बाध्यात्मक रूपमा पुनर्स्थापित (आर्थिक तथा भौतिक रूपमा) हुनुपर्ने हुन्छ । तसर्थ आयोजना कार्यान्वयन गर्दा बाध्यात्मक पुनर्स्थापनका कारणले जीविकोपार्जनमा प्रतिकूल प्रभाव पर्न नदिन वा त्यस्तो प्रभावलाई कम गर्न र/वा त्यसबाट उत्पन्न प्रतिकूलतालाई समाधान गर्नका लागि पुनर्स्थापन नीतिको प्रारूप तयार गरिसकिएको छ । एमसिए-नेपालको सञ्चालक समितिले वि.सं. २०७६ भदौ १६ मा पारित गरिसकेको उक्त दस्तावेजमा प्रभावलाई सम्बोधन गर्ने उपायका रूपमा अपनाइने सिद्धान्त, अधिकार तथा क्षतिपूर्तिबारे उल्लेख गरिएको छ ।

पुनर्स्थापन नीतिको प्रारूपको मुख्य उद्देश्य प्रभावित व्यक्ति वा परिवार र समुदायको जीविकोपार्जन तथा जीवनशैलीमा सुधार वा पुनर्स्थापन गर्न प्रतिस्थापन मूल्यको सिद्धान्तका आधारमा सम्पत्तिको क्षति अनुसारको क्षतिपूर्ति उपलब्ध गराउनु हो । पुनर्स्थापन नीतिको प्रारूप राष्ट्रिय सामाजिक तथा सुरक्षा नीति र नेपाल सरकारको जग्गा अधिग्रहण, क्षतिपूर्ति र स्थायी रूपमा अधिग्रहण हुँदा गर्नुपर्ने पुनर्स्थापन र प्रसारण लाइनको तल पर्ने जग्गाको हकसम्बन्धी नीति तथा कानुन अनुरूप तयार गरिएको छ । यसका साथै जग्गा अधिग्रहण तथा वाध्यात्मक पुनर्स्थापनसम्बन्धी आईएफसी कार्यसम्पादन मापदण्ड ५ (तथा उपयुक्तता अनुसार आदिवासी जनजातिसम्बन्धी आईएफसी कार्यसम्पादन मापदण्ड ७), एमसीसी वातावरणीय दिग्दर्शन र एमसीसी लैङ्गिक नीति (२०११) समेतलाई ध्यानमा राखेर उक्त नीति बनाइएको छ ।

पुनर्स्थापन नीतिको प्रारूपमा आधारित रही नेपाल कम्प्याक्टका लागि एमसिए-नेपालले अधिग्रहण वा खरिद गर्नुपर्ने जग्गाका हकमा लागू हुने गरी क्षतिपूर्तिबापत पाउने रकमको तालिका तयार गरिसकिएको छ ।

### ३.३.२ पुनर्स्थापन

एमसिए-नेपालका पुनर्स्थापन क्रियाकलाप अन्तर्गत चार वटा पुनर्स्थापन कार्ययोजना र जीविकोपार्जन कार्ययोजनाको तयारी गरिँदै छ : तीन वटा प्रसारण लाइन खण्डका लागि तीन वटा (लप्सिफेदी-रातमाटे प्रसारण लाइन खण्ड, रातमाटे-नयाँ हेटौँडा प्रसारण लाइन खण्ड र रातमाटे-नयाँ दमौली -भारतीय सीमा प्रसारण लाइन खण्ड) र एउटा रातमाटे सब-स्टेशनका लागि ।

रातमाटे सब-स्टेशनको विस्तारित क्षेत्रमा पुनर्स्थापन कार्ययोजना कार्यान्वयनका लागि पुनर्स्थापन कार्यान्वयन परामर्शदाता नियुक्त गरिसकिएको छ । वि.सं. २०७६ फागुन १३ मा उक्त परामर्शदाता टोलीका साथ रातमाटे पुनर्स्थापन कार्ययोजनाको पहिलो बैठक सम्पन्न गरिएको थियो र उक्त टोलीलाई कार्यस्थलमा परिचालन गरिएको थियो । रातमाटेमा एउटा कार्यालय पनि स्थापना गरिएको छ । विसं २०७६ फागुनमा रातमाटे पुनर्स्थापन कार्यान्वयन परामर्शदाता टोलीले गर्नुपर्ने योजना र कामबारे प्रारम्भिक कार्यशाला सम्पन्न भएको छ । यसैगरी रातमाटे सब-स्टेशनमा जीविकोपार्जन पुनर्स्थापन योजनाका लागि नियुक्त गरिने परामर्शदाताका लागि कार्यसूची पनि तयार भइसकेको छ ।

रातमाटे सब-स्टेशनका लागि जग्गा अधिग्रहण गर्ने प्रक्रिया प्रारम्भ भएसँगै यस अन्तर्गत देहायको प्रगति भएको छ :

- जग्गा अधिग्रहण ऐन-२०३४ को खण्ड ९ बमोजिम विसं २०७६ असोज १५ मा जग्गा अधिग्रहणसम्बन्धी सूचना प्रकाशित भएको थियो ।
- क्षतिपूर्ति निर्धारण समितिको विसं २०७६ माघ १५ मा सम्पन्न बैठकले जग्गाको क्षतिपूर्ति दर निर्धारण गरेको छ ।
- क्षतिपूर्ति निर्धारण समितिको विसं २०७६ फागुन ५ मा सम्पन्न बैठकले बाली, रुख र निर्माण संरचनाको क्षतिपूर्ति निर्धारण गरेको छ ।
- जग्गा अधिग्रहण ऐनको खण्ड १८ बमोजिम रातमाटे सब-स्टेशन पुनर्स्थापन कार्ययोजनामा पर्नेहरूलाई क्षतिपूर्तिको भुक्तानी लिन आउन वि.सं. २०७६ माघ २२ मा सूचना प्रकाशन गरियो ।
- रातमाटे पुनर्स्थापन कार्ययोजना र जीविकोपार्जन पुनर्स्थापन योजनाका लागि क्षतिपूर्ति सम्झौताको कागजात लगायतका तयारी कार्य अन्तिम चरणमा पुगेका छन् ।
- एमसिए-नेपाल अहिले क्षतिपूर्ति भुक्तानीको प्रक्रियाको अन्तिम चरणमा रहेको छ ।



नुवाकोटको जिल्ला प्रशासन कार्यालयमा वि.सं. २०७६ माघ १५ गते मुआब्जा निर्धारण समितिको बैठक बस्दै ।



नुवाकोटको जिल्ला प्रशासन कार्यालयमा वि.सं. २०७६ फागुन ५ गते मुआब्जा निर्धारण समितिको बैठक बस्दै ।

# खण्ड ४
## लैङ्गिक तथा सामाजिक समावेशीकरण

आयोजना डिजाइन र कार्यान्वयनको चरणमा पुग्दै गर्दा एमसिए-नेपालले समेट्नै पर्ने महत्वपूर्ण पक्ष भनेको लैङ्गिक र सामाजिक समावेशीकरण हो। कम्प्याक्टको विकास तथा कार्यान्वयनका हरेक तहमा लैङ्गिक र सामाजिक समावेशीकरणसम्बन्धी निश्चित कार्यान्वयनगत आवश्यकता, प्रक्रिया तथा भूमिका एवं जिम्मेवारीसम्बन्धी समष्टिगत मार्गनिर्देशन एमसीसी लैङ्गिक नीति र एमसीसी लैङ्गिक एकीकरण दिग्दर्शन (सन् २०१६) ले उपलब्ध गराएको छ। कम्प्याक्ट कार्यान्वयनको प्रारम्भिक चरणमा नै सामाजिक तथा लैङ्गिक एकीकरण योजना एक महत्वपूर्ण आवश्यक दस्तावेजभित्र पर्दछ। यस सन्दर्भमा यो प्रतिवेदन अवधिमा लैङ्गिक तथा सामाजिक समावेशीकरण विषयमा गरिएका महत्वपूर्ण क्रियाकलापहरूलाई तल उल्लेख गरिएको छ।

### सामाजिक तथा लैङ्गिक एकीकरण योजनासम्बन्धी दस्तावेजको तयारी

आन्तरिक समीक्षा तथा सरोकारवालासँगको कार्यशालापछि सामाजिक तथा लैङ्गिक एकीकरण योजनासम्बन्धी दस्तावेज तयार गरिएको हो। कम्प्याक्ट अन्तर्गतका विद्युत् प्रसारण आयोजना र सडक मर्मत आयोजना तयारी तथा कार्यान्वयनका बेला लैङ्गिक तथा सामाजिक समावेशितासम्बन्धी अपेक्षित परिणाम प्राप्त गर्नका निम्ति चाहिने रणनीतिहरू तथा कार्यक्रमहरू यस दस्तावेजमा उल्लेख गरिएको छ। लैङ्गिक तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट आयोजनाका योजना तर्जुमा क्रममा सहभागिता र परामर्श तथा आयोजनाबाट हुने लाभहरूको प्रभावकारिता बढाउन तथा जोखिमहरू न्यून गर्ने कार्ययोजनाहरू प्रस्तुत गरिएको छ। यसै सन्दर्भमा आयोजनाका साझेदार तथा वाह्य सरोकारवालाका सुझाव तथा सल्लाहका लागि वि.सं. २०७६ मङ्सिर ५ गते परामर्श कार्यशाला आयोजना गरिएको थियो। कार्यशालाका सहभागीहरूमा नेपाल विद्युत् प्राधिकरणका अधिकारीहरू (इन्जिनियरिङ सेवा निर्देशनालय अन्तर्गतको वातावरण तथा सामाजिक अध्ययन विभागसहित), सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सडक विभाग, सडक बोर्ड नेपाल र मानव बेचबिखनविरुद्ध काम गर्ने गैरसरकारी संस्थाका प्रतिनिधिहरू हुनुहुन्थ्यो। कार्यशालाका अतिरिक्त एसियाली विकास बैङ्क, विश्व बैङ्क र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग छुट्टाछुट्टै परामर्श बैठकहरू आयोजना गरिएका थिए। प्राप्त सुझाव तथा टिप्पणीका आधारमा अद्यावधिक दस्तावेज तयार गरिएको छ।



एमसिए-नेपालका सामाजिक समावेशीकरण/पुनर्वाससम्बन्धी गुणस्तर व्यवस्थापक श्री राजेन्द्र थान्जु विसं २०७६ मङ्सिर ५ गते आयोजना गरिएको सामाजिक तथा लैङ्गिक समावेशीकरण नीतिसम्बन्धी वाह्य सरोकारवालाहरूसँगको एक कार्यशालाको सहजीकरण गर्नुहुँदै।

### मानव बेचविखनको जोखिम व्यवस्थापन योजनाको तयारी

ठुला खालका निर्माण आयोजनाहरूमा मानव बेचविखनको सम्भावित जोखिमलाई नकार्न सकिँदैन। यस्ता आयोजनामा चाहिने कामदारहरूको परिपूर्तिका क्रममा भेदभाव तथा शोषण हुने सम्भावना हुन्छ। त्यस्तै, कुनै पनि व्यक्ति वा १८ वर्ष उमेर नपुगेका बालबालिकालाई जवर्जस्ती, ढाँटेर वा दबाबमा पारेर वा फकाएर व्यावसायिक यौनधन्दामा लगाउने कार्यको पनि उत्तिकै जोखिम रहन्छ र यी दुवै खाले क्रियाकलाप मानव बेचविखन तथा मानव तस्करीको परिभाषामा पर्दछ। आयोजनाका क्रियाकलाप सञ्चालनका क्रममा हुनसक्ने मानव बेचविखनसम्बन्धी जोखिमको समाधान र व्यवस्थापन गर्न एमसीसी मानव बेचविखनविरुद्धको नीति (सन् २०१४) अनुसार मानव बेचविखनसँग सम्बद्ध विषयको विश्लेषण र जोखिम समाधानका प्रक्रिया तथा मानव बेचविखन जोखिम व्यवस्थापन योजना तयार गर्नु आवश्यक छ। वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनले विद्युत् प्रसारण आयोजना क्षेत्रमा मानव बेचविखनको उच्च जोखिम रहन सक्ने औँल्याएको छ। तसर्थ एमसीसीको मानव बेचविखनविरुद्धको नीति अनुरूप आयोजनाको वातावरणीय तथा सामाजिक प्रभाव मूल्याङ्कन प्रतिवेदनको अङ्गका रूपमा मानव बेचविखन जोखिम व्यवस्थापन योजना तयार गरिँदै छ।

## सामाजिक मूल्यमा आधारित विजुली महसुल निर्धारण विधिका लागि सरोकारवालासँगको परामर्श

एमसिए-नेपालले वि.सं. २०७६ कात्तिक १४-१८ गते सामाजिक मूल्यमा आधारित बिजुली महसुल निर्धारण विधिका लागि प्रमुख सरोकारवालासँग परामर्श बैठक आयोजना गऱ्यो । बैठकमा सहभागी हुनेहरूमा एमसिए-नेपालका अतिरिक्त एमसीसी, एसियाली विकास बैङ्क, विश्व बैङ्क, नेपाल विद्युत् प्राधिकरण (वातावरण तथा सामाजिक अध्ययन विभागसहित), विद्युत् नियमन आयोग, बिजुली उपभोक्ता समुदाय राष्ट्रिय सङ्गठन नेपालका प्रतिनिधि र महसुल निर्धारण समितिका पूर्व सदस्यहरू हुनुहुन्थ्यो । परामर्श बैठकको उद्देश्य सामाजिक मूल्यमा आधारित बिजुली महसुल निर्धारण विधिका प्रावधान तथा विगत र वर्तमानका अनुभवहरू प्रस्तुत गर्ने र जानकारी हासिल गर्ने थियो ।

# खण्ड ५
## गुनासो सुनुवाइ संयन्त्र

आयोजनाका क्रियाकलाप र प्रभावबारे सरोकारवाला पक्षले उजुरी वा चासो व्यक्त गरेका अवस्थामा व्यवस्थित तरिकाले व्यवस्थापन गर्ने गरी एमसिए-नेपालको गुनासो सुनुवाइ संयन्त्र बनाइएको छ। एकातिर यो समुदायलाई आफ्ना चासो दर्ता गर्न दिने आधिकारिक मञ्च हो भने अर्कोतिर यसले समयमा नै उचित समाधान खोज्नका लागि सरोकारवालाले उठाएका विषयबारे एमसिए-नेपाल र आयोजनाका अन्य पक्षहरूलाई जानकारी प्रदान गर्दछ। गुनासो यथार्थ क्षति भएको वा घाइते भएकोसम्बन्धी निश्चित उजुरी, आयोजनाका क्रियाकलाप वा कुनै घटनाका विषयमा आम चासो र प्रभाव वा अनुमानित प्रभावसम्बन्धमा हुनसक्छन्। आयोजना क्षेत्र र सरोकारवालाको बुझाइमा आधारित भएर आयोजनाका लागि पहिचान गरिएका गुनासाका प्रकारलाई तल सूचीकृत गरिएको छ :

### आन्तरिक गुनासो

- कर्मचारीहरूबाट गुनासो (प्रत्यक्ष वा अप्रत्यक्ष रोजगारी पाएका कर्मचारी, स्थानीय कामदार र आप्रवासी कामदार लगायत),
- समयमा पारिश्रमिक वितरण,
- लैङ्गिक विभेद,
- श्रमिकको आवास, र
- स्वास्थ्य, सुरक्षा र बालश्रमका विषय

### वाह्य गुनासो

- जग्गामा अस्थायी पहुँचसँग सम्बन्धित क्षति
- रेखाङ्कन (alignment) निर्धारणसँग सम्बन्धित विषय
- रुख तथा सम्पत्तिको क्षति
- सामुदायिक वनमा पुगेको थप नोक्सानी
- यातायात र ढुवानीसँग सम्बन्धित विषय
- मानव बेचविखन तथा समुदायमा कामदारहरूको व्यवहार/आचरणसम्बन्धी विषय
- हतोत्साहन तथा विभेदसम्बन्धी विषय
- आयोजनाका मजदुर तथा कर्मचारीको व्यवहार आचरण सम्बन्धित विषय
- स्थानीय संस्कृति र परम्परामा परेको प्रभावप्रतिको चासो
- जग्गा र सम्पत्तिको मूल्याङ्कनसँग सम्बन्धित गुनासो
- जग्गाको अनौपचारिक प्रयोगसँग सम्बन्धित चासो र विषय
- जग्गाको स्वामित्वसँग सम्बन्धित चासो र विषय
- जग्गा अधिग्रहण, क्षतिपूर्ति र पुनर्स्थापनसँग सम्बन्धित गुनासो
- सर्वेक्षण र कार्य क्षेत्रमा भएका क्रियाकलापसँग सम्बन्धित चासो र विषय, तथा
- पूर्व जानकारीको अभाव इत्यादिसँग सम्बन्धित गुनासो

यहाँ उल्लेखित गुनासो-सूची साङ्केतिक मात्र हो, र नयाँ खालका समस्या आउनासाथ यसलाई अद्यावधिक गरिनेछ। तसर्थ यो सूचीले आयोजनासँग सम्बन्धित अरु कुनै पनि गुनासो गर्नबाट सरोकारवालालाई रोक्दैन। माथि उल्लेख नभएका विषयमा पनि गुनासो गर्न सकिन्छ।

समुदायले एमसिए-नेपाल आयोजनामा आफ्ना गुनासाहरू विभिन्न तरिकाबाट दर्ता गराउन सक्छ। विद्युत् प्रसारण आयोजनाले प्रभावित हरेक जिल्लामा सार्वजनिक सूचना केन्द्र स्थापना गरेको छ। पीपीटीएसका सामुदायिक सम्पर्क अधिकृतबाट सञ्चालित यी सूचना केन्द्रले गुनासो सुनुवाइ एकाइको काम गर्दछ। यसका अतिरिक्त एमसिए-नेपालको जिल्ला सदरमुकाममा रहेका वातावरण तथा सामाजिक सुरक्षासम्बन्धी स्थानीय सामुदायिक सहयोगीहरूले पनि सुनुवाइ सङ्कलन अधिकारीका रूपमा काम गर्दछन्। सार्वजनिक सूचना केन्द्रहरू प्रस्तावित विद्युत् प्रसारण मार्ग नजिकका र सम्बन्धित जिल्लाभित्रका प्रभावित नगरपालिकाको मध्यभागमा पर्ने स्थानमा स्थापना गरिएको छ। हरेक प्रभावित जिल्लामा दुई वटा गुनासो सुनुवाइ केन्द्र रहेका छन्।

सार्वजनिक सूचना केन्द्रहरू अधिकांश समुदायको सहज पहुँच हुने ठाउँमा स्थापना गर्नुपर्छ भन्ने कुरामा सचेत रहँदारहँदै पनि प्रस्तावित विद्युत् प्रसारण लाइन मार्गको भूगोल र जमिनको बनोटका कारण सबै स्थानमा समुदायको पहुँच सहज नभएको अनुभव गरिएको छ। तसर्थ एमसिए-नेपालले समुदायलाई सहज बनाउनका लागि टाढैबाट पनि गुनासो दर्ता गर्नसक्ने व्यवस्था मिलाएको छ। समुदायले आफ्ना गुनासा वातावरण तथा सामाजिक सुरक्षासम्बन्धी स्थानीय सामुदायिक सहयोगीहरूको कार्यालय वा एमसिए-नेपालको कार्यालयमार्फत दर्ता गराउनसक्ने व्यवस्था गरिएको छ। उनीहरूका गुनासा दर्ता हुने सुनिश्चित गर्न नै पहुँच उपलब्ध गराउने विभिन्न माध्यम प्रयोग गरिएका हुन्।

## ५.१ संयन्त्र

सामुदायिक सम्पर्क अधिकृत वा वातावरण तथा सामाजिक सुरक्षासम्बन्धी स्थानीय सामुदायिक सहयोगीहरूमार्फत सबै गुनासो सङ्कलन गरिन्छ। दर्ता भएका गुनासा एक प्रति एमसिए-नेपालको कार्यालयमा पठाएर सार्वजनिक सूचना केन्द्रले राख्छन्। सामुदायिक सम्पर्क अधिकृत र वातावरण तथा सामाजिक सुरक्षासम्बन्धी स्थानीय सामुदायिक सहयोगीहरूले एक अर्कोलाई जानकारी गराएर तथा परामर्शका आधारमा विशेष ढाँचामा उजुरीको अभिलेख राख्छन्। यसको जानकारी पीपीटीएस टोलीका गुनासो सुनुवाइ अधिकृतलाई गराइन्छ। पीपीटीएस र एमसिए-नेपालको गुनासो सुनुवाइ संयोजकलाई जानकारी गराउनु उनीहरूको दायित्वमा पर्दछ। गुनासो सुनुवाइ संयन्त्रले गुनासोको बढ्दो मात्रा र/वा जटिलताका आधारमा तिनीहरूको सम्बोधन गर्न तीन तहको निर्णय प्रक्रिया निर्धारण गरेको छ।

### तह एक

तह एक भनेको सम्बन्धित जिल्लामा दर्ता भएका गुनासाको सम्बोधन गर्ने आधारभूत समूह हो। यसमा एमसिए-नेपालका वातावरण तथा सामाजिक सुरक्षासम्बन्धी स्थानीय सामुदायिक सहयोगी सदस्य-सचिव रहन्छन् भने निर्माण व्यवसायीका इञ्जिनियर/वातावरण तथा सामाजिक सुरक्षा प्रमुख र सामुदायिक सम्पर्क अधिकारी तथा वातावरण तथा सामाजिक सुरक्षा/पुनर्स्थापन प्रमुख सदस्य रहन्छन्। पीपीटीएसको टोलीले हरेक गुनासोसम्बन्धी प्रारम्भिक जवाफको तयारी गर्दछ र एमसिए-नेपालमा पेश गर्दछ। एमसिए-नेपालले जवाफको समीक्षा गरी अन्तिम रूप दिएर उजुरीकर्तालाई पठाउँछ। हरेक जवाफको अभिलेख निर्धारित स्वरूपमा राखिन्छ र वातावरण तथा सामाजिक सुरक्षासम्बन्धी स्थानीय सामुदायिक सहयोगीको हस्ताक्षरका लागि एमसिए-नेपालमा पठाइन्छ। सामुदायिक सम्पर्क अधिकारीले आवश्यकता अनुसार उजुरीकर्ताको हस्ताक्षर लिने कामको समन्वय गर्दछन्। वातावरण तथा सामाजिक सुरक्षासम्बन्धी स्थानीय सामुदायिक सहयोगीले उजुरीकर्ताले जवाफ प्राप्त गरेको र त्यसबाट सन्तुष्ट रहेको सुनिश्चित गर्दछन्। उजुरीकर्ता जवाफसँग सन्तुष्ट नरहेमा आन्तरिक रूपमा थप छलफल गरिन्छ। एमसिए-नेपालले उजुरीकर्ता पूर्ण रूपमा सहमत नभएसम्म परामर्शका लागि थुप्रै पटक बैठक बस्ने र गुनासोले व्यापक रूप लिन नपाउँदै सहमतिका आधारमा सामाधान खोज्ने कुरा सुनिश्चित गर्दछ। हरेक पटकका संवादमा उठेका विषयबारे गुनासोपत्र र कम्प्युटरमा समेत अभिलेख राखिन्छ। एमसिए-नेपालले तह एकमा नै गुनासो समाधान गर्न सम्भव भएसम्मका उपाय लगाउँदछ।

### तह दुई

तह एकको समितिले दिएको जवाफसँग उजुरीकर्ता सन्तुष्ट नभएमा गुनासोलाई नगर गुनासो सुनुवाइ समितिमा पठाइन्छ। गुनासोसँग सम्बन्धित वडाको अध्यक्षको अध्यक्षतामा यस्तो समिति बनाइन्छ। समितिका अन्य सदस्यका रूपमा एमसिए-नेपालको वातावरण तथा सामाजिक सुरक्षासम्बन्धी स्थानीय सामुदायिक सहयोगी, पीपीटीएसका सामुदायिक सम्पर्क अधिकारी, स्थानीय परामर्श मञ्च, वडा प्रतिनिधि, पीपीटीएसका वातावरण तथा सामाजिक सुरक्षा/ पुनर्स्थापन प्रमुख र निर्माण व्यवसायीका प्रतिनिधि रहन्छन्। गुनासोको जटिलताका आधारमा एमसिए-नेपालका गुनासो समन्वयकर्ता, नगर प्रमुख र/वा अन्य प्रतिनिधिलाई बैठकमा बोलाउन सकिन्छ। यद्यपि, एमसिए-नेपालका गुनासो समन्वयकर्तालाई सबै गुनासोबारे अद्यावधिक गर्ने जिम्मेवारी वातावरण तथा सामाजिक सुरक्षासम्बन्धी स्थानीय सामुदायिक सहयोगीमा रहन्छ। विद्युत् प्रसारण आयोजनाले छुने हरेक वडाका वडाध्यक्षसँग औपचारिक बैठक गरेर तह दुई गुनासो सुनुवाइ समिति गठन गरी सकिएको छ।

### तह तीन

नगर गुनासो सुनुवाइ समितिले गरेको निर्णयमा समेत उजुरीकर्ता सन्तुष्ट नभएमा उक्त गुनासो प्रमुख जिल्ला अधिकारी अध्यक्ष रहेको जिल्ला गुनासो सुनुवाइ समितिमा जान्छ। यस समितिका अन्य सदस्यका रूपमा जिल्ला समन्वय समितिका अध्यक्ष, डिभिजन वन कार्यालयका प्रतिनिधि, जिल्ला नापी कार्यालयका प्रतिनिधि, जिल्ला मालपोत कार्यालयका प्रतिनिधि, पीपीटीएसका वातावरण तथा सामाजिक सुरक्षा/ पुनर्स्थापन प्रमुख र निर्माण व्यवसायीका प्रतिनिधि, एमसिए-नेपालका गुनासो सुनुवाइ समन्वयकर्ता, स्थानीय परामर्श मञ्चका प्रतिनिधि र/वा नगरपालिका/गाउँपालिकाका प्रमुख पनि आवश्यकता अनुसार रहन्छन्।

## ५.२ गुनासो दर्ता

एमसिए-नेपालले अहिलेसम्म प्राप्त गरेका गुनासाको स्थितिसहित गुनासो दर्ता तथा सुनुवाइसम्बन्धी अहिलेसम्मको अवस्था र व्यवस्था देहाय बमोजिम रहेको छ :

- गुनासासम्बन्धी एउटा डेटाबेस निर्माण गरिएको छ र टोलीले नियमित रूपमा सबै गुनासो समीक्षा गरी आफ्ना सुझाव उपलब्ध गराउन सकोस् भन्ने उद्देश्यले उक्त डेटाबेसलाई आयोजनाको शेयरप्वाइण्टमा राखिएको छ।
- अहिलेसम्म एमसिए-नेपाल कार्यालयमा विद्युतीय प्रसारण आयोजनासँग सम्बन्धित ६३ वटा गुनासो दर्ता भएका छन्।
- दर्ता भएका गुनासामध्ये सात वटालाई सम्बोधन गरेर अन्तिम किनारा लगाइएको छ।
- अरु २३ वटा गुनासाको सुनुवाइको क्रम शुरु भएकोमा कोभिड-१९ को महामारीका कारण उत्पन्न अवरोधले गर्दा तिनीहरूलाई किनारा लगाउने काम बाँकी रहेको छ।
- थप अनुसन्धान गर्न आवश्यक नभएका गुनासाका हकमा एमसिए-नेपालको टोलीले पीपीटीएससँग सहकार्य गरेर गुनासा सुन्ने काम गर्दै आएको छ।
- दर्ता भएका बाँकी गुनासाबारेमा थप अनुसन्धान आवश्यक भएमा उचित अनुसन्धान र स्थलगत अध्ययन गरी सम्बोधन गरिनेछ।

# खण्ड ६
## जालसाजी र भ्रष्टाचार

नेपाल सरकारको जालसाजी तथा भ्रष्टाचारसम्बन्धी कानुनका आधारमा एमसीसी कम्प्याक्ट कार्यान्वयन हुनेछ भने यसका अतिरिक्त एमसिए-नेपालले एमसीसी कार्यसञ्चालनमा जालसाजी तथा भ्रष्टाचार रोकथाम, पहिचान एवं सम्बोधनसम्बन्धी एमसीसी नीति, २००९ (एमसीसी जालसाजी तथा भ्रष्टाचार विरोधी नीति) पनि पालना गर्नेछ। यो नीतिले एमसीसी सहायताको कानुनतः हुने प्रयोग बाहेकका जबर्जस्ती, मिलेमतो, भ्रष्टाचार, जालसाजी तथा जालसाजी र भ्रष्टाचारका विषयमा अनुसन्धानमा बाधा उत्पन्न गर्ने कुनै पनि कार्यसहितका जालसाजी र भ्रष्टाचारमा रोक लगाउँछ। एमसीसीको जालसाजी तथा भ्रष्टाचार रोकथाम, पहिचान एवं सम्बोधन नीतिले जालसाजी र भ्रष्टाचारलाई देहायका छ प्रकारमा बाँडेको छ :

- खरिदमा हुने सहभागितालाई प्रभावित पार्ने वा ठेक्का कार्यान्वयनमा असर पार्ने नियतले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा व्यक्ति वा उनीहरूको सम्पत्तिमा क्षति पुग्ने, अङ्गभङ्ग हुने वा धक्म्याउने कार्य,
- जिम्मेवार निकायलाई थाहा दिई वा नदिई दुई वा सोभन्दा बढी पक्षबीच कृत्तिम मूल्य कायम गर्न, प्रतिस्पर्धा हुन नदिन वा जिम्मेवार निकायलाई स्वतन्त्र र खुला प्रतिस्पर्धाबाट हुने फाइदाबाट वञ्चित गर्न गरिने कुनै योजना वा व्यवस्थापनका रूपमा परिभाषित गरिएको मिलेमतोको अभ्यास,
- कुनै सार्वजनिक कर्मचारी (छनोटसम्बन्धी निर्णय वा समीक्षा प्रक्रियामा संलग्न जिम्मेवार निकाय, सरकार र एमसीसीका कर्मचारी र अरु संस्थाका कर्मचारी समेत) लाई काममा प्रभावित गर्ने आशयले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा उपहार दिनु, प्राप्त गर्नु वा अनुनय गर्नु लगायतका भ्रष्ट आचरण,
- भ्रष्ट, जालसाजीपूर्ण, मिलेमतोयुक्त, बलात् वा निषेधित अभ्याससँग सम्बन्धित अनुसन्धानमा अवरोध सिर्जना गर्ने उद्देश्यले प्रमाण नष्ट गर्नु, झुट बोल्नु, तोडमरोड गर्नु वा लुकाउनु वा अनुसन्धानकर्तालाई गलत जानकारी दिनु तथा अनुसन्धानसँग सम्बन्धित विषयको जानकारी दिनलाई रोक्ने वा अनुसन्धानमा अवरोध गर्ने उद्देश्यले कुनै पक्षले धम्क्याउने, हतोत्साही गर्ने वा तर्साउने लगायतका कार्यका रूपमा परिभाषित अवरोधजन्य अभ्यास,
- ठेक्काको छनोट प्रक्रिया वा ठेक्काको कार्यान्वयनमा प्रभाव पार्ने वा पार्न प्रयत्न गर्ने गरी गलत प्रतिनिधित्व गर्ने, आर्थिक वा अन्य कुनै लाभ लिने अथवा कुनै दायित्वबाट भाग्ने वा भाग्न प्रयत्न गर्ने जस्ता कुनै पनि काम वा भूललगायतका जालसाजीजन्य अभ्यास, तथा
- एमसीसीको वेबसाइट (www.mcc.gov) मा उपलब्ध एमसीसीको स्तरीय बोलपत्रसम्बन्धी दस्तावेजको अनुसूची क "अतिरिक्त प्रावधान" को खण्ड ङ मा उल्लेख गरिएको "भ्रष्टाचार विरोधी, मुद्रा निर्मलीकरण विरोधी, आतङ्कवादीलाई आर्थिक सहयोग, र मानव बेचविखनसम्बन्धी कानुन र अन्य प्रतिवन्धको अनुपालन" लाई उल्लङ्घन गर्ने कुनै पनि कार्यसहितका निषेधित अभ्यास।

यस अतिरिक्त स्वार्थ बाझिने सम्भावित वा यथार्थ अवस्था छ भने त्यसलाई सार्वजनिक रूपमा घोषणा गर्नुपर्छ र यसले जालसाजी र भ्रष्टाचारका लागि वास्तविक वा अवधारणागत ढोका खोल्नसक्ने भएकोले यसको उपयुक्त व्यवस्थापन विभिन्न नियमावली र कार्यान्वयन दस्तावेजमा उल्लेख गरिएको एमसिए-नेपालको स्वार्थ बाझिने अवस्थासम्बन्धी नीति अनुरूप गरिनुपर्दछ।

कार्यक्रम तथा आयोजनाका क्रियाकलाप कार्यान्वयनका समयमा हुनसक्ने जालसाजी र भ्रष्टाचारका घटनालाई सम्बोधन गर्ने उद्देश्य प्राप्तिका लागि एमसिए-नेपालले यो प्रतिवेदनले समेटेको अवधिमा सबै कर्मचारीका लागि जालसाजी तथा भ्रष्टाचारविरोधी तालिम, जालसाजी तथा भ्रष्टाचारविरोधी जोखिम पहिचान, जालसाजी तथा भ्रष्टाचारविरोधी जोखिम तालिकाको तयारी र जालसाजी तथा भ्रष्टाचारविरोधी कार्ययोजना तयारीको थालनी जस्ता श्रृङ्खलाबद्ध क्रियाकलाप सञ्चालन गरेको छ। जालसाजी तथा भ्रष्टाचारविरोधी कार्ययोजनाको उद्देश्य एमसिए-नेपालका कर्मचारी र व्यवस्थापनले आयोजनाका साझेदारहरूसँग निकटतापूर्वक काम गर्दै विद्युत् प्रसारण आयोजना र सडक मर्मत आयोजनाका क्रियाकलापको कार्यान्वयनका क्रममा एमसिए-नेपालमा कुनै पनि किसिमका जालसाजी र भ्रष्टाचारको प्रभावकारी रोकथाम, पहिचान र सम्बोधन सुनिश्चित कसरी गर्न सक्दछ भन्ने निर्धारण गर्ने एउटा उपयुक्त संरचना स्थापित गर्नु हो।

एमसिए-नेपाल जालसाजी र भ्रष्टाचारका घटनालाई अति गम्भीरताका साथ लिन्छ र यसको उन्मूलनका लागि कठोर मापदण्ड बनाइएको छ। एमसिए-नेपाल आफूले अङ्गीकार गरेका नीति र पहलले कम्प्याक्टका सबै क्रियाकलाप कार्यान्वयन गर्ने क्रममा जालसाजी र भ्रष्टाचारका घटना न्यूनीकरण गर्न सहयोग गर्ने विश्वास गर्दछ।

१. जिम्मेवार निकाय भन्नाले कम्प्याक्ट कार्यान्वयन गर्न कानुनी रूपमा स्थापना गरिएको संस्था भन्ने बुझिन्छ र यससन्दर्भमा एमसिए- नेपाललाई जनाउँदछ।




नेपालका लागि अमेरिकी राजदूत महामहिम राण्डी बेरी वि.सं. २०७६ माघ १ गतेदेखि ३ गतेसम्म काठमाडौँमा आयोजना गरिएको जालसाजी तथा भ्रष्टाचारविरुद्ध प्रशिक्षणको समुद्घाटन सत्रमा सम्बोधन गर्नुहुँदै ।




अर्थ मन्त्रालयका सह-सचिव श्री श्रीकृष्ण नेपाल वि.सं. २०७६ माघ १ गतेदेखि ३ गतेसम्म काठमाडौँमा आयोजना गरिएको जालसाजी तथा भ्रष्टाचारविरुद्ध प्रशिक्षणको समुद्घाटन सत्रमा सम्बोधन गर्नुहुँदै ।

# खण्ड ७
## जोखिम तथा चुनौती

एमसिए-नेपालले आन्तरिक जोखिम पहिचान प्रक्रिया अपनाएको छ र कम्प्याक्टको पूर्वतयारी र कार्यान्वयनका चरणमा हुनसक्ने जोखिमको पहिचान गरी आयोजना तथा कार्यक्रम तहका जोखिमको विवरणसहितको जोखिम अभिलेख तयार गरिएको छ। आयोजनाले नियमित रूपमा आन्तरिक जोखिम समीक्षा बैठक सञ्चालन गर्दै आएको छ । यस बैठकमा नयाँ जोखिमको पहिचान गर्नुका साथै पहिचान भइसकेका जोखिमका लागि आयोजनाले तयार गरेको जोखिम न्यूनीकरण रणनीति अनुरूप अनुगमन र व्यवस्थापन गर्दै जोखिम अभिलेख अद्यावधिक गर्ने गरिन्छ । सम्बन्धित जोखिम अभिलेखमा अभिलेखीकरण गरिएका कार्यक्रम र आयोजना जोखिमका अतिरिक्त नेपाल कम्प्याक्टले उच्चस्तरीय परिणाम प्राप्तिसँग सम्बन्धित विस्तृत अनुमान तथा परिणामगत जोखिम पनि पहिचान गर्दछ।

यो प्रतिवेदनले समेटेको अवधिमा एमसिए-नेपालले सामना गरेका जोखिम र चुनौतीहरूलाई तल औँल्याइएको छ :

### कार्यान्वयनमा प्रवेश

कम्प्याक्ट कार्यान्वयनमा प्रवेश गर्ने दिनका रूपमा वि.सं. २०७७ असार १६ गते निर्धारण गरिएको थियो । तर कम्प्याक्टको संसदीय अनुमोदनमा भएको ढिलाइका कारण कार्यक्षेत्रमा पहुँच प्राप्त गर्नेसम्बन्धी पूर्वतयारी चरणको प्रगति रोकिन पुग्यो । बाँकी रहेका पूर्वशर्तलाई सम्पन्न गर्ने गरी कार्यान्वयनमा प्रवेशको नयाँ मिति निर्धारण गर्ने तयारीमा नेपाल सरकार रहेको छ। कम्प्याक्टलाई पाँच वर्षे समयसीमाभित्र सफलतापूर्वक सम्पन्न गर्ने कुरा सुनिश्चित हुने गरी सकेसम्म नजिकको कार्यान्वयनमा प्रवेश गर्ने मिति तय गरिनेछ। समयसीमा बढाउने वा लागत बढाउने कुनै व्यवस्था नभएकाले कार्यान्वयनमा प्रवेशका दिनबाट पाँच वर्षभित्र सबै क्रियाकलाप पूर्णतः कार्यान्वयन भइसक्नुपर्दछ।

### नेपाल कम्प्याक्टको संसदीय अनुमोदन

नेपाल कम्प्याक्टको कार्यान्वयनका लागि एमसिए-नेपालले पूर्वतयारी चरणमा उल्लेखनीय प्रगति हासिल गरेको छ । यद्यपि, कम्प्याक्टको संसदीय अनुमोदनमा भएको ढिलाइले प्रगतिमा बाधा उत्पन्न गरेको छ। कार्यान्वयनमा प्रवेश र कम्प्याक्ट कार्यान्वयनका लागि मुख्य पूर्वशर्त नै संसदीय अनुमोदन हो। वि.सं. २०७६ असोज १३ सम्ममा पनि यस पूर्वशर्त हासिल गर्नमा चुनौती देखिएका कारण वि.सं. २०७६ असोज १४ देखि एमसीसीले सबै पूर्वतयारी कामका लागि उपलब्ध गराइरहेको रकमको निकासा रोकिदिएको छ। एमसीसी अनुदान रकम रोकिएपछि पूर्वतयारीका प्रमुख कामको निरन्तरताका लागि कम्प्याक्टमा गर्ने योगदानको अंशबाट बेहोर्ने गरी नेपाल सरकारले आफ्नो कोषबाट खर्च गरिरहेको छ।

एमसिए-नेपालले यथासम्भव छिटो कार्यान्वयन क्रियाकलापहरू सञ्चालन गर्नका लागि अन्य पूर्वशर्त हासिल गर्नुका अतिरिक्त कम्प्याक्टको संसदीय अनुमोदनका लागि सबै सम्बद्ध पक्षसँग मिलेर काम गरिरहेको छ।

### कार्य क्षेत्रमा पहुँच

कोभिड-१९ को विश्वव्यापी महामारीका कारण वि.सं. २०७६ चैत ११ देखि नेपाल सरकारले राष्ट्रव्यापी लकडाउन घोषणा गर्नुका साथै आवागमनमा रोक लगाएपछि एमसिए-नेपालको पूर्व तयारी चरणका सबै महत्वपूर्ण खरिदसम्बन्धी समय तालिका, कार्य क्षेत्रमा पहुँचसम्बन्धी महत्वपूर्ण क्रियाकलाप एवं यसले आयोजनाको लागतमा पार्ने प्रभावसहित स्थलगत क्रियाकलापहरूमा बहुपक्षीय असर परेको छ। लकडाउनका कारण असर परेको एउटा महत्वपूर्ण क्रियाकलाप रातमाटे सब-स्टेशन क्षेत्रमा पहुँच उपलब्ध गराउने पुनर्स्थापन कार्ययोजनाको कार्यान्वयन हो । विद्युत् प्रसारण आयोजना अन्तर्गतको प्रसारण लाइन तान्ने र सब-स्टेशन निर्माण गर्ने कामका लागि प्राथमिक कार्य भनेको कार्य क्षेत्रमा पहुँच हो। यो कार्य कम्प्याक्ट कार्यान्वयनमा प्रवेश गर्नु अघि र कुनै पनि प्रमुख निर्माणको ठेक्का दिनु अघि नै पूरा गरिनु महत्वपूर्ण पूर्वशर्त हो ।

एमसिए-नेपालले विद्युत् प्रसारण आयोजना र सडक मर्मत आयोजनाका विभिन्न ठेकेदार, परामर्शदाता र आपूर्तिकर्ताका साथै पीपीटीएसका परामर्शदाताबाट अनपेक्षित परिस्थितिका कारण सम्झौता गरिएका क्रियाकलाप सञ्चालन गर्न नसकिने सूचना प्राप्त गरिरहेको छ । यसले गर्दा परामर्शदाता कर्मचारीहरूलाई स्थलगत क्रियाकलापमा परिचालन गर्नु चुनौतीपूर्ण भएको छ । परिणामस्वरूप, आयोजना प्रभावित क्षेत्रका मानिस, परिवार र समुदायसँगका महत्वपूर्ण परामर्श कार्यहरू सञ्चालन गर्नमा अवरोध सिर्जना भएको छ भने रातमाटे सब-स्टेशनका लागि जग्गा अधिग्रहणको एक महत्वपूर्ण कार्यका रूपमा रहेको क्षतिपूर्ति भुक्तानी प्रक्रिया समेत रोकिएको छ। आवश्यकता अनुरूप स्थलगत भ्रमणका योजना तयारी एवं कार्यान्वयन गर्न नसकिएका कारण प्रसारण लाइनका लागि कार्य क्षेत्रमा पहुँच प्राप्तिसँग सम्बन्धित पुनर्स्थापन कार्ययोजनाको तयारीका काममा समेत वाधा पुगेको छ।

आयोजनाले तयार गरेको कोभिड-१९ जोखिम न्यूनीकरण योजना अनुसार एमसिए-नेपालले स्थलगत क्षेत्रमा यस कठिन परिस्थितिमा पनि निरन्तरता दिन सकिने क्रियाकलापहरू, एमसिए-नेपालले प्रत्यक्ष रूपमा कार्यान्वयन गर्नसक्ने क्रियाकलाप, र यसका ठेकेदार र परामर्शदाताले कार्य क्षेत्रमा नगई टाढैबाट गर्नसक्ने कामको पहिचान गरी अगाडि बढ्नका लागि सर्वोत्तम उपायबारे निरन्तर रूपमा मूल्याङ्कन गरिरहेको छ। निर्माण व्यवसायी, परामर्शदाता र आपूर्तिकर्ताले पेश गरेको कोभिड-१९ जोखिम न्यूनीकरण योजना एमसिए-नेपालले स्वीकृत गरेपछि उनीहरूले तदनुरूप काम गर्नुपर्नेछ। निकट भविष्यमा सार्वजनिक गरिने प्रमुख निर्माण क्रियाकलापसम्बन्धी बोलपत्र आह्वानका कागजातको एक अंशका रूपमा मार्गनिर्देशन टिप्पणी तथा ढाँचाहरूलाई पनि

समावेश गरिनेछ। अनपेक्षित परिस्थितिका कारण सम्झौता गरिएका कार्य सम्पन्न गर्न नसकिने सूचना जारी गर्ने सबै निर्माण व्यवसायी र परामर्शदाताहरूको पहिचान एमसिए-नेपालले गरिसकेको छ र निरन्तर रूपमा ती सूचनाको उत्तर तयार गर्दै प्रेषित गर्नुका साथै थप लागत र समय नलाग्ने बनाउनका लागि करारसम्बन्धी उपायको खोजी गरिरहेको छ। एमसिए-नेपालले कोभिड-१९ सम्बन्धी आन्तरिक आकस्मिक योजना तर्जुमा गर्नुका साथै कोभिड-१९ परिस्थितिलाई ध्यानमा राख्दै चरणवद्ध रूपमा कार्यालय परिसरमा नै काम गर्ने वातावरण तयार गर्न कार्यालय पुनःसञ्चालन योजना पनि तयार गरिरहेको छ।

# खण्ड ८
## क्षमता अभिवृद्धि

एमसिए-नेपालमा आ-आफ्ना कार्यक्षेत्रका विषयवस्तुका विज्ञहरू कार्यरत छन् । गएको वर्षमा एमसीसीको सहायतामा खासगरी कम्प्याक्टका उद्देश्यहरूमा विशेष केन्द्रित रहेर एमसिए-नेपालले आफ्ना जनशक्तिको सीप अभिवृद्धिका लागि विभिन्न पहल गरेको थियो ।

एमसिए-नेपालले यस संस्थाका नियम, नीति र उद्देश्यबारे पूर्ण रूपमा जानकार बनाउन नयाँ नियुक्ति पाएका सबै कर्मचारीलाई काम शुरु गर्नु अघि पाँच दिने वृहत् तालिम सफलतापूर्वक सम्पन्न गर्दै आएको छ। सबै ६३ कर्मचारी उक्त प्रशिक्षणमा सक्रिय सहभागी भएर यस बारे सकारात्मक प्रतिक्रिया जनाएका छन्।

एमसिए-नेपालले वार्षिक तालिम योजना अनुसार कम्प्याक्टको सही कार्यान्वयन गर्न आवश्यक पर्ने सीप अभिवृद्धिका लागि सम्बन्धित कर्मचारीका लागि क्षमता अभिवृद्धिका प्रयासहरू गर्ने गरेको छ। तालिम योजना कार्यान्वयन गर्ने क्रममा यो प्रतिवेदन अवधिमा देहायका क्षमता अभिवृद्धिका अभ्यासहरू गरि एका छन् :

- आधारभूत आयोजना व्यवस्थापन तालिम (२०७६ मङ्सिर २३)
- जालसाजी तथा भ्रष्टाचारविरुद्ध तालिम (२०७६ माघ १-३)
- सूचना प्रविधि सुरक्षा तालिम (२०७६ माघ ३)

एमसिए-नेपालले योजनामा रहेका तालिम र कार्यशाला बाहेक पनि आफ्ना कर्मचारीलाई आन्तरिक संयन्त्र र प्रक्रियाको समन्वय तथा संस्थाको मूल्य संस्कृतिबारे जानकार बनाइराख्दछ । यसको सुनिश्चितताका लागि नियमित रूपमा आन्तरिक बैठक, सबै कर्मचारीबीच सामूहिक अन्तरक्रिया तथा व्यवस्थापकबीच विषय केन्द्रित बैठक आयोजना गरिन्छ। यस बाहेक त्रैमासिक रूपमा कर्मचारीको चेक-इन प्रक्रिया अपनाउने गरिन्छ। यसले गर्दा उनीहरूले आफ्ना योजना बनाउन र सुधार ल्याउनुपर्ने क्षेत्र पहिल्याउन सक्छन् । निर्धारित समयमा नै उत्कृष्ट परिणाम ल्याउन सक्षम बनाउने उद्देश्यले उनीहरूको टोलीबीचको अन्तरक्रियामा जोड दिने गरिएको छ।




वि.सं. २०७६ माघ १ गतेदेखि ३ गतेसम्म काठमाडौंमा आयोजना गरिएको जालसाजी तथा भ्रष्टाचारविरुद्ध प्रशिक्षणमा सहभागी एमसिए-नेपालका कर्मचारीहरू।

# खण्ड ९
## वित्तीय विवरण

नेपाल सरकारको लेखापरीक्षण गर्ने संवैधानिक निकाय महालेखा परीक्षकको कार्यालयले एमसिए-नेपालको आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न गरेको छ।

आर्थिक वर्ष २०७६/७७ को वित्तीय कारोवार (नेपाली रुपैयाँमा) को झलक र विस्तृत विवरण तल दिइएको छ।

### आर्थिक वर्ष २०७६/७७ खर्चको झलक

(नेपाली रूपैयाँमा)

| **आयोजना क्रियाकलाप खर्च** | **नेपाल सरकार** | **एमसीसी** | **जम्मा रकम** |
|---|---|---|---|
| विद्युत् प्रसारण आयोजना | ५२,३५,३४,३४८ | १२,५१,४४,३१९ | ६४,८६,७८,६६७ |
| सडक मर्मत आयोजना | ५,०८,४६,९५५ | १,३२,६५३ | ५,०९,७९,६०८ |
| अनुगमन तथा मूल्याङ्कन | - | - | - |
| कार्यक्रम व्यवस्थापन | ३६,५६,१६,४९९ | १७,५९,६६,६०५ | ५४,१५,८३,१०५ |
| **जम्मा** | **९३,९९,९७,८०३** | **३०,१२,४३,५७७** | **१,२४,१२,४१,३८०** |
| **चालू/पुँजीगत खर्च** | **नेपाल सरकार** | **एमसीसी** | **कुल रकम** |
| चालू खर्च | ३०,९८,१८,२७२ | १०,६६,३१,८६४ | ४१,६४,५०,१३७ |
| पुँजीगत खर्च | ६३,०१,७९,५३१ | १९,४६,११,७१३ | ८२,४७,९१,२४३ |
| **जम्मा** | **९३,९९,९७,८०३** | **३०,१२,४३,५७७** | **१,२४,१२,४१,३८०** |

## कोष तथा लेखा नियन्त्रक कार्यालयमा प्रस्तुत गरिएको आ.व. ०७६/७७ को विस्तृत आर्थिक विवरण :

म.ले.प.फा.नं. २१४

नेपाल सरकार
अर्थ मन्त्रालय
मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल (एमसिए-नेपाल)
कार्यालय कोड नं.: ३०५००३५०४
दातृ निकायगत बजेट र खर्चको आर्थिक विवरण
आ.ब. २०७६/०७७

बजेट मुल शीर्षक नं: ३०५००१०८३
कार्यालय/आयोजनाको नामः मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल (एमसिए-नेपाल)
आयोजना रहेको स्थानः लालदरवार कन्भेन्सन सेन्टर, याक एण्ड यती कम्प्लेक्स, दरवार मार्ग, काठमाण्डौं

| खर्च शिर्षक न | नाम | शुरु विनियोजन | | | थपघट | | | अन्तिम बजेट | | | निकासा | | | खर्च | | | बाँकी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नेपाल सरकार | एम सि सि सो भु अनुदान | जम्मा | नेपाल सरकार | एम सि सि सो भु अनुदान | जम्मा | नेपाल सरकार | एम सि सि सो भु अनुदान | जम्मा | नेपाल सरकार | एम सि सि सो भु अनुदान | जम्मा | नेपाल सरकार | एम सि सि सो भु अनुदान | जम्मा | नेपाल सरकार | एम सि सि सो भु अनुदान | जम्मा |
| २११३९ | अन्य भत्ता | ६००००० | २००००० | ८००००० | -६००००० | ० | -६००००० | ० | २००००० | २००००० | ० | ० | ० | ० | ० | ० | ० | २००००० | २००००० |
| २२१११ | पानी तथा विजुली | १००००० | १७००००० | १८००००० | ८९०००८० | ० | ८९०००८० | ९००००८० | १७००००० | १०७०००८० | ७५५५३५० | ० | ७५५५३५० | ७५५५३५० | ० | ७५५५३५० | १४४४७३० | १७००००० | ३१४४७३० |
| २२११२ | संचार महसुल | ० | ५६००००० | ५६००००० | १५३६६६१ | ० | १५३६६६१ | १५३६६६१ | ५६००००० | ७१३६६६१ | ५६०६१३ | ८१६७०५ | १३७७३१८ | ५६०६१३ | ८१६७०५ | १३७७३१८ | ९७६०४८ | ४७८३२९५ | ५७५९३४३ |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ७००००० | ३५००००० | ४२००००० | ० | ० | ० | ७००००० | ३५००००० | ४२००००० | ३०३६२५ | १६८०३१ | ४७१६५६ | ३०३६२५ | १६८०३१ | ४७१६५६ | ३९६३७५ | ३३३१९६९ | ३७२८३४४ |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ५००००० | १०००००० | १५००००० | ९८५६०० | ० | ९८५६०० | १४८५६०० | १०००००० | २४८५६०० | ५२३५६० | ३९६२३० | ९१९७९० | ५२३५६० | ३९६२३० | ९१९७९० | ९६२०४० | ६०३७७० | १५६५८१० |
| २२२१४ | विमा तथा नविकरण खर्च | ६००००० | ६००००० | १२००००० | ७३३६००० | ० | ७३३६००० | ७९३६००० | ६००००० | ८५३६००० | ७६२२७९० | ९३८१९१ | ८५६०९८१ | ७६२२७९० | ९३८१९१ | ८५६०९८१ | ३१३२१० | -३३८१९१ | -२४९८१ |
| २२२९१ | अन्य सम्पत्ती संचालन तथा मर्मत | ० | ० | ० | ६९७५६० | ० | ६९७५६० | ६९७५६० | ० | ६९७५६० | १२५२२२ | ० | १२५२२२ | १२५२२२ | ० | १२५२२२ | ५७२३३८ | ० | ५७२३३८ |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ० | १००००००० | १००००००० | ४३७७९८० | ० | ४३७७९८० | ४३७७९८० | १००००००० | १४३७७९८० | ३२२६२०० | २५५५५४८ | ५७८१७४८ | ३२२६२०० | २५५५५४८ | ५७८१७४८ | ११५१७८० | ७४४४५२ | ८५९६२३२ |
| २२३१४ | इन्धन (अन्य प्रयोजन) | ० | २०००००० | २०००००० | ० | ० | ० | ० | २०००००० | २०००००० | ० | ० | ० | ० | ० | ० | ० | २०००००० | २०००००० |
| २२३१५ | पत्र पत्रिका, छपाई तथा सुचना | ० | ० | ० | ११८०००० | ० | ११८०००० | ११८०००० | ० | ११८०००० | १०९९०१५ | ० | १०९९०१५ | १०९९०१५ | ० | १०९९०१५ | ८०९८५ | ० | ८०९८५ |
| २२४११ | सेवा र परामर्श | ५००००० | १६०८५००००० | १६०९०००००० | २७७६८९००५ | ० | २७७६८९००५ | २७८१८९००५ | १६०८५००००० | १८८६६८९००५ | २७३०८६१७३ | ८१७२३२८८ | ३५४८०९४६१ | २७३०८६१७३ | ८१७२३२८८ | ३५४८०९४६१ | ५१०८३२ | १५२६७७६७१२ | १५३१८७९५४४ |
| २२४१९ | अन्य सेवा शुल्क | १०००००० | ० | १०००००० | ८१८००० | ० | ८१८००० | १८१८००० | ० | १८१८००० | ११५५४३६ | ० | ११५५४३६ | ११५५४३६ | ० | ११५५४३६ | ६६२५६४ | ० | ६६२५६४ |
| २२५११ | कर्मचारी तालिम | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २२५२२ | कार्यक्रम खर्च | ५००००० | ३४००००० | ३९००००० | ६१२७८०० | ० | ६१२७८०० | ६६२७८०० | ३४००००० | १००२७८०० | ४४१३६७८ | १५४७५८६ | ५९६१२६४ | ४४१३६७८ | १५४७५८६ | ५९६१२६४ | २२१४१२२ | १८५२४१४ | ४०६६५३६ |
| २२६११ | अनुगमन तथा मूल्यांकन खर्च | ० | ५०००००० | ५०००००० | ० | ० | ० | ० | ५०००००० | ५०००००० | ० | ५७८०२५२ | ५७८०२५२ | ० | ५७८०२५२ | ५७८०२५२ | ० | -७८०२५२ | -७८०२५२ |
| २२६१२ | भ्रमण खर्च | ० | ० | ० | ५६०५५९० | ० | ५६०५५९० | ५६०५५९० | ० | ५६०५५९० | २७१४५७८ | ० | २७१४५७८ | २७१४५७८ | ० | २७१४५७८ | २८९१०१२ | ० | २८९१०१२ |
| २२७११ | विविध खर्च | ५००००० | ५००००० | १०००००० | ० | ० | ० | ५००००० | ५००००० | १०००००० | ४४९२५७ | २०१८० | ४६९४३७ | ४४९२५७ | २०१८० | ४६९४३७ | ५०७४३ | ४७९८२० | ५३०५६३ |
| २८१४२ | घर भाडा | ६००००० | २३६००००० | २४२००००० | ८०१७००० | ० | ८०१७००० | ८६१७००० | २३६००००० | ३२२१७००० | ६९८२७७६ | १२६८५८५४ | १९६६८६३० | ६९८२७७६ | १२६८५८५४ | १९६६८६३० | १६३४२२४ | १०९१४१४६ | १२५४८३७० |
| २८१४३ | सवारी साधन तथा मेसिनरी औजार भाडा | ० | ० | ० | ११९००० | ० | ११९००० | ११९००० | ० | ११९००० | ० | ० | ० | ० | ० | ० | ११९००० | ० | ११९००० |
| | | | | | | | | | | | | | | | | | | | |
| जम्मा | | ५६००००० | १६६५६००००० | १६७१२००००० | ३२२७९०२७६ | ० | ३२२७९०२७६ | ३२८३९०२७६ | १६६५६००००० | १९९३९९०२७६ | ३०९८१८२७२ | १०६६३१८६४ | ४१६४५०१३७ | ३०९८१८२७२ | १०६६३१८६४ | ४१६४५०१३७ | १८५७२००४ | १५५८९६८१३६ | १५७७५४०१३९ |

तयार गर्नेः
दस्तखतः
नामथरः भवानि प्रसाद ज्ञवाली
पदः वित व्यवस्थापन विज्ञ
मितिः २०७७।०४।०६

लेखा प्रमुखः
दस्तखतः
नामथरः पुष्प कान्त अधिकारी
पदः प्रमुख वित अधिकृत
मितिः २०७७।०४।०६

**पेश्की बाँकीः**
गत आ.व.को ०
यस आ.व.को ०
**जम्मा** ०
**पेश्की घटाई बाँकी खर्च** ४१६४५०१३७

**कोे.ले.नी.का. बाट**
माथी उल्लेखित व्यहोरा बाट देखिएको कैफियत
१
२
३
४
प्रमाणित गर्नेको नाम/थर
दस्तखत
पद
मितिः

कार्यालय प्रमुखः
दस्तखतः
नामथरः खड्ग बहादुर बिष्ट
पदः कार्यकारी निर्देशक
मितिः २०७७।०४।०६

नेपाल सरकार
अर्थ मन्त्रालय
मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल (एमसिए-नेपाल)
कार्यालय कोड नं.: ३०५००३५०४
दातृ निकायगत बजेट र खर्चको आर्थिक विवरण
आ.व. २०७६/०७७

बजेट मुल शीर्षक नं: ३०५००१०८४
कार्यालय/आयोजनाको नामः मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल (एमसिए-नेपाल)
आयोजना रहेको स्थानः लालदरवार कन्भेन्सन सेन्टर, याक एण्ड यती कम्प्लेक्स, दरवार मार्ग, काठमाण्डौं

| खर्च शिर्षक न | नाम | शुरु विनियोजन | | | थपघट | | | अन्तिम बजेट | | | निकासा | | | खर्च | | | बाँकी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नेपाल सरकार | एम सि सि सो भु अनुदान | जम्मा | नेपाल सरकार | एम सि सि सो भु अनुदान | जम्मा | नेपाल सरकार | एम सि सि सो भु अनुदान | जम्मा | नेपाल सरकार | एम सि सि सो भु अनुदान | जम्मा | नेपाल सरकार | एम सि सि सो भु अनुदान | जम्मा | नेपाल सरकार | एम सि सि सो भु अनुदान | जम्मा |
| ३१११३ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | ० | ० | ० | २५००००० | ० | २५००००० | २५००००० | ० | २५००००० | १२९५२५ | ० | १२९५२५ | १२९५२५ | ० | १२९५२५ | २३७०४७५ | ० | २३७०४७५ |
| ३११२१ | सवारी साधन | ० | ० | ० | २९३२९१९ | ० | २९३२९१९ | २९३२९१९ | ० | २९३२९१९ | ० | १९४१४९ | १९४१४९ | ० | १९४१४९ | १९४१४९ | २९३२९१९ | -१९४१४९ | २७३८७७० |
| ३११२२ | मेसिनरी तथा औजार | ० | ७२००००० | ७२००००० | १३९४१६१११ | ० | १३९४१६१११ | १३९४१६१११ | ७२००००० | १४६६१६१११ | ५४६२९९४१ | ११४५०२७ | ५५७७४९६८ | ५४६२९९४१ | ११४५०२७ | ५५७७४९६८ | ८४७८६१७० | ६०५४९७३ | ९०८४११४३ |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | ० | २२००००० | २२००००० | १२४२२४० | ० | १२४२२४० | १२४२२४० | २२००००० | ३४४२२४० | १२११४२ | ० | १२११४२ | १२११४२ | ० | १२११४२ | ११२१०९८ | २२००००० | ३३२१०९८ |
| ३११३२ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरिद खर्च एवं बौद्धिक सम्पत्ती प्राप्ति खर्च | ० | २८५००००० | २८५००००० | ९३२८५१४८ | ० | ९३२८५१४८ | ९३२८५१४८ | २८५००००० | १२१७८५१४८ | ४६३३२१४४ | ६८६३६८१८ | ११४९६८९६२ | ४६३३२१४४ | ६८६३६८१८ | ११४९६८९६२ | ४६९५३००४ | -४०१३६८१८ | ६८१६१८६ |
| ३११५१ | सडक तथा पुल निर्माण | १८००००००० | १००००००००० | १०१८०००००० | ५६५७९७६ | ० | ५६५७९७६ | २३६५७९७६ | १००००००००० | १०२३६५७९७६ | ४०७५६६१ | ० | ४०७५६६१ | ४०७५६६१ | ० | ४०७५६६१ | १९५८२३१५ | १००००००००० | १०१९५८२३१५ |
| ३११५३ | विधुत संरचना निर्माण | ० | ३३२८४००००० | ३३२८४००००० | ९५१९९३८१४ | ० | ९५१९९३८१४ | ९५१९९३८१४ | ३३२८४००००० | ४२८०३९३८१४ | ५२४८९१११८ | १२४६३५७१९ | ६४९५२६८३७ | ५२४८९१११८ | १२४६३५७१९ | ६४९५२६८३७ | ४२७१०२६९६ | ३२०३७६४२८१ | ३६३०८६६९७७ |
| ३१४११ | जग्गा प्राप्ति | ३९७७२००००० | ० | ३९७७२००००० | -२८४४५२८२०८ | ० | -२८४४५२८२०८ | ११३२६७१७९२ | ० | ११३२६७१७९२ | ० | ० | ० | ० | ० | ० | ११३२६७१७९२ | ० | ११३२६७१७९२ |
| | | | | | | | | | | | | | | | | | | | |
| जम्मा | | ३९९५२००००० | ४३६६३००००० | ८३६१५००००० | -१६४७५००००० | ० | -१६४७५००००० | २३४७७००००० | ४३६६३००००० | ६७१४०००००० | ६३०१७९५३१ | १९४६११७१३ | ८२४७९१२४३ | ६३०१७९५३१ | १९४६११७१३ | ८२४७९१२४३ | १७१७५२०४६९ | ४१७१६८८२८७ | ५८८९२०८७५७ |
| चालु जम्मा | | ५६००००० | १६६५६००००० | १६७१२००००० | ३२२७९०२७६ | ० | ३२२७९०२७६ | ३२८३९०२७६ | १६६५६००००० | १९९३९९०२७६ | ३०९८१८२७२ | १०६६३१८६४ | ४१६४५०१३७ | ३०९८१८२७२ | १०६६३१८६४ | ४१६४५०१३७ | १८५७२००४ | १५५८९६८१३६ | १५७७५४०१३९ |
| कुल जम्मा | | ४०००८००००० | ६०३१९००००० | १००३२७००००० | -१३२४७०९७२४ | ० | -१३२४७०९७२४ | २६७६०९०२७६ | ६०३१९००००० | ८७०७९९०२७६ | ९३९९९७८०३ | ३०१२४३५७७ | १२४१२४१३८० | ९३९९९७८०३ | ३०१२४३५७७ | १२४१२४१३८० | १७३६०९२४७३ | ५७३०६५६४२३ | ७४६६७४८८९६ |

तयार गर्नेः
दस्तखतः
नामथरः भवानि प्रसाद ज्ञवाली
पदः वित्त व्यवस्थापन विज्ञ
मितिः २०७७।०४।०६

लेखा प्रमुखः
दस्तखतः
नामथरः पुष्प कान्त अधिकारी
पदः प्रमुख वित्त अधिकृत
मितिः २०७७।०४।०६

**पेश्की बाँकीः**
गत आ.व.को ०
यस आ.व.को ०
**जम्मा** ०
**पेश्की घटाई बाँकी खर्च** ८२४७९१२४३

**को.ले.नी.का. बाट**
माथी उल्लेखित व्यहोरा बाट देखिएको कैफियत
१
२
३
४
प्रमाणित गर्नेको नाम/थर
दस्तखत
पद
मितिः

कार्यालय प्रमुखः
दस्तखतः
नामथरः खड्ग बहादुर बिष्ट
पदः कार्यकारी निर्देशक
मितिः २०७७।०४।०६

“विद्युत् तथा सडकमा सहज पहुँचमार्फत आर्थिक विकास”

मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति
दोस्रो तथा तेस्रो तल्ला, लालदरवार सम्मेलन केन्द्र, याक एण्ड यति कम्प्लेक्स, दरवार मार्ग, काठमाडौँ
+९७७-०१-४२३८३५३/४२३८३९२ | info@mcanp.org | www.mcanp.org